# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## शिवराज नगरपालिका

कपिलवस्तु





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## शिवराज नगरपालिका

### कपिलवस्तु




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ८९ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
शिबराज नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
कपिलवस्तु ।

**कैफियत सहितको राय**

हामीले शिबराज नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धीत प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.६करोड ३३ लाख ५१ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु १ करोड रु. २९ लाख ९८ हजार फस्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रु १ करोड ५९ लाख ९२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४९ लाख ७ हजार, नियमित गर्नुपर्ने रु.२करोड ९४लाख ५४ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ४करोड ८ लाख ९२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट रु.१ लाख २८ हजार फस्यौट भई यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.९ करोड १२ लाख ४५ हजार रहेको छ । **नगरपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

शिवराज नगरपालिका, कपिलवस्तु

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ८५ | ६७ | ६३३५१ | ० | १० | १२९९८ | ८५ | ५७ | ५०५५३ | १५९९२ | २९४५४ | ४९०७ | ० | ० | ३४३६१ | ० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ६४ | जनश्रमदान | ५२९१ |
| २ | ७१ | भरपाई प्राप्त | ८६१०० |
| ३ | ७९ | राजस्व दाखिला | १०३९३२ |
| ४ | ८० | खातामा जम्मा गरेको प्रमाण पेश | १२०००० |
| ५ | १०१ | जस्तापाता बिरण भरपाई पेश | १२६८२८०६ |
| | | **जम्मा** | **१२९९८१२९** |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| शिवराज नगरपालिका, कपिलवस्तु | ४१०२० | ० | १२८ | ४०८९२ | ० | ५०३५३ | ९१२४५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : शिवराज नगरपालिका, कपिलवस्तु , शिवराज नगरपालिका , कपिलवस्तु

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ganesh Prasad Aryal | २०७७-८-८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Keshav Raj Gaire | २०७५-१२-२६ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५०,३५२,६६० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २८,८६,८४,६६९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५६,४०,४८,००० | **चालु खर्च** | ४८,६१,०७,५२० |
| **प्रदेश सरकारबाट अनुदान** | ४,८६,०७,००० | **पूँजीगत खर्च** | २८,५५,२०,०८८ |
| **राजश्व बाँडफाँट** | १६,७५,८४,३६३ | **वित्तीय/अन्य व्यवस्था** | ३५,३७,८०,६५२ |

| | | | |
|---|---|---|---|
| **आन्तरिक आय** | २,३३,७३,३५७ | | |
| **अन्य आय** | २८,८८,३०,५४३ | | |
| **कुल आय** | १,०९,२४,४३,२६३ | **कुल खर्च** | १,१२,५४,०८,२६० |
| **बाँकी मौज्दात** | | २५,५७,१९,६७२ | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| १ | | | **परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र प अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ११वडा, ५८ सभा सदस्य, १०९.८वर्ग किलोमिटर क्षेत्रफल तथा ७५ हजार २ सय ४२ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण विधि** लेखापरीक्षणमा पेश भएको स्रेस्ता तथा आर्थिक कारोबारहरुदाको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।९। मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् । | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| विवरण | दाखिला भएको खाता | दाखिला मिति | दाखिला रकम |
|---|---|---|---|
| लद्युउद्यम कार्यक्रमको फिर्ता गर्नुपर्ने | बेरुजु खाता | मिति २०७९/९र/१७ | ६४७४६ |
| ग्रेड बापतको बढी भुक्तानी | बेरुजु खाता | मिति २०७९/९/४ | १४,४०० |
| अवकासमा बढी निकासा | बेरुजु खाता | मिति २०७९/९/५ | १०,३७९ |
| कन्टेजेन्सी कट्टा रकम प्रदेस र संघमा फिर्ता | बेरुजु खाता | मिति २०७९/९/२३ | २९३३६३ |
| पेश्की बाँकी दाखिला | बेरुजु खाता | मिति २०७९/९/१७ | ९८५० |
| बिमा बापतको रकम दाखिला | बेरुजु खाता | मिति २०७९/९/१७ | ११९०५ |
| | जम्मा | | ४०४६४३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **वित्तिय अवस्थाः** | |
| ४.१ | | | प्राप्ति र भुक्तानीको अवस्था | |

| विवरण | यसवर्ष रु. | | | | गतवर्षरु. | | |
|---|---|---|---|---|---|---|---|
| | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्राप्ती (क+ख)** | ८९,९३,४१,८६०.६९ | ७३,१०,९६,९२१.२८ | २,६५,७०,३४१.५२ | ७५,७६,६७,२६२.८० | ८९,९५,८३,७९३.५७ | १,५७,६५,६२०.०० | ९१,५३,४९,४१३.५७ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | ८६,४२,०४,८१३.५२ | ७१,५९,८७,५७१.८१ | ० | ७१,५९,८७,५७१.८१ | ८७,३५,९०,३९७.६३ | ० | ८७,३५,९०,३९७.६३ |
| ११००० कर | १६,८८,३७,८१३.५२ | १७,१८,८०,७७४.८२ | ० | १७,१८,८०,७७४.८२ | १७,६६,५३,८४४.४० | ० | १७,६६,५३,८४४.४० |
| १३००० अनुदान | ६१,५३,६७,०००.०० | ५१,२९,२१,९५३.४० | ० | ५१,२९,२१,९५३.४० | ६१,३७,३७,०९९.०० | ० | ६१,३७,३७,०९९.०० |
| संघीय सरकार | ५६,६०,६०,०००.०० | ४८,४४,०८,३२८.४० | ० | ४८,४४,०८,३२८.४० | ५६,४९,४५,०९९.०० | ० | ५६,४९,४५,०९९.०० |
| प्रदेश सरकार | ४,८६,०७,०००.०० | २,७८,१३,६२५.०० | ० | २,७८,१३,६२५.०० | ४,८२,९२,०००.०० | ० | ४,८२,९२,०००.०० |
| स्थानीय तह | ७,००,०००.०० | ७,००,०००.०० | ० | ७,००,०००.०० | ५,००,०००.०० | ० | ५,००,०००.०० |
| १४००० अन्य राजस्व | ८,००,००,०००.०० | ३,११,६८,८४३.५९ | ० | ३,११,६८,८४३.५९ | ८,३१,९९,४५४.२३ | ० | ८,३१,९९,४५४.२३ |
| १५००० विविध प्राप्ति | ० | १६,०००.०० | ० | १६,०००.०० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | ३,५१,३७,०४७.१७ | १,५१,०९,३४९.४७ | २,६५,७०,३४१.५२ | ४,१६,७९,६९०.९९ | २,५९,९३,३९५.९४ | १,५७,६५,६२०.०० | ४,१७,५९,०१५.९४ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | ३,५१,३७,०४७.१७ | ७४,१६,७०३.६५ | २,६५,७०,३४१.५२ | ३,३९,८७,०४५.१७ | १,५८,२०,९६१.०० | १,५७,६५,६२०.०० | ३,१५,८६,५८१.०० |
| धरौटी | ० | ७६,९२,६४५.८२ | ० | ७६,९२,६४५.८२ | १,०१,७२,४३४.९४ | ० | १,०१,७२,४३४.९४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | १,०५,९३,२४,०४७.६९ | ७८,०२,३७,९८३.३४ | २,३७,७१,३२८.०० | ८०,४०,०९,३११.३४ | ८५,६६,०८,८८३.१८ | ९६,४५,६११.९८ | ८६,६२,५४,४९५.१६ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | १,०२,४१,८७,०००.५२ | ७७,१६,२७,६०९.०० | | ७७,१६,२७,६०९.०० | ८३,६९,८८,७७५.२८ | | ८३,६९,८८,७७५.२८ |
| २१००० पारिश्रमिक / सुविधा | २१,८२,२२,७४०.०० | १९,५८,४२,७२८.८० | ० | १९,५८,४२,७२८.८० | २५,३३,२८,४७५.९१ | ० | २५,३३,२८,४७५.९१ |
| २२००० मालसामान तथा सेवाको उपयोग | २०,४१,१६,२६०.५२ | १४,५३,५३,७६६.८७ | ० | १४,५३,५३,७६६.८७ | १०,०८,७४,९४७.७१ | ० | १०,०८,७४,९४७.७१ |
| २५००० सहायता (Subsidy) | १६,०१,७९,०००.०० | १३,४३,२६,६८९.३० | ० | १३,४३,२६,६८९.३० | ५,९३,५२,२६४.०० | ० | ५,९३,५२,२६४.०० |
| २७००० सामाजिक सुरक्षा | २,९६,९२,०००.०० | ८२,९१,३२३.३० | ० | ८२,९१,३२३.३० | २,३२,६४,९९१.०० | ० | २,३२,६४,९९१.०० |
| २८००० अन्य खर्च | २८,००,०००.०० | २२,९३,०१२.०० | ० | २२,९३,०१२.०० | १०,८२,६२,६९८.८५ | ० | १०,८२,६२,६९८.८५ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | ४०,९१,७७,०००.०० | २८,५५,२०,०८८.७३ | ० | २८,५५,२०,०८८.७३ | २९,१९,०५,३९७.८१ | ० | २९,१९,०५,३९७.८१ |
| घ. अन्य भूक्तानी | ३,५१,३७,०४७.१७ | ८६,१०,३७४.३४ | २,३७,७१,३२८.०० | ३,२३,८१,७०२.३४ | ८५,६६,०८,८८३.१८ | ९६,४५,६११.९८ | ८६,६२,५४,४९५.१६ |
| कोषहरु | ३,५१,३७,०४७.१७ | १५,५२,४२८.१५ | २,३७,७१,३२८.० | २,५३,२३,७ | १,५७,६७,०५०.५० | ९६,४५,६११.९८ | २,५४,१२,६६२.४८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ० | ५६.१५ | | | |
| धरौटी | ० | ७०,९८,८३०.१९ | ० | ७०,९८,८३०.१९ | ३८,५३,०५७.४० | ० | ३८,५३,०५७.४० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -४०,८८४.०० | | -४०,८८४.०० | | | |
| ङ. यो वर्षको बचत (न्युन) | (१५,९९,८२,१८७.००) | (४,९१,४१,०६२.०६) | २७,९९,०१३.५२ | (४,६३,४२,०४८.५४) | ४,२९,७४,९१०.३९ | ६१,२०,००८.०२ | ४,९०,९४,९१८.४१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ३१,१३,१४,९६६.७७ | | ३१,१३,१४,९६६.७७ | ३४,०५,५६,४२४.६९ | | ३४,०५,५६,४२४.६९ |
| वर्षान्तको बाकी रकम (ङ + च) | (१५,९९,८२,१८७.००) | २६,२१,७३,९०४.७१ | २७,९९,०१३.५२ | २६,४९,७२,९१८.२३ | ३८,३५,३१,३३५.०८ | ६१,२०,००८.०२ | ३८,९६,५१,३४३.१० |
| बैंक तथा नगद बाकी | | २६,४९,७२,९१८.२३ | | २६,४९,७२,९१८.२३ | ३२,३१,०३,७०२.४४ | | ३२,३१,०३,७०२.४४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.२ | | | स्थानीय सञ्चित कोष सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:<br>स्थानीय तहको एकीकृत वित्तीय विवरणले सो पालिका भित्र सम्पूर्ण आय र व्ययको यथार्थ चित्रण गर्ने गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट GAS मार्फत हुने निकासा लगायतका सम्पूर्ण आय व्यय समावेश नगरेको देहाय अनुसार सुत्र र एकीकृत विवरणमा फरक | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

परेको छ ।

| विवरण | म.ले.प.फा.नं. २७२ | एकीकृत आय व्यय विवरण | फरक |
|---|---|---|---|
| गत वर्षको अल्या | ३११३१४९६६।७७ | ३१७८५७६१० | ६५४२६४३।२३ |
| यस वर्षको आम्दानी | ७१५९८७५७१।८१ | १०९२४४२७२२।७८ | ३७६४५५१५०।९७ |
| यस वर्षको खर्च रकम | ७८०२३७९८३ | ११४७४८१८३१ | ३६७२४३८४८ |
| बाँकी मौज्दात | २६२१७३९०४।७१ | २३३६४५५६१ | २८५२८३४३।७१ |

लेखा प्रणाली सुत्रबाट सृजना भएको म.ले.प.फा.नं. २७२ ले पालिकाको यथार्थ आय व्ययको प्रतिनिधित्व गरेको देखिएन । गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार मौज्दात ३१०१६५००० भएकोमा यस वर्ष अल्या गर्दा ३१७८५७६१० गरेकोमा बढी रु ७६४२६१० अल्या गरेकोमा हिसाव मिलान विवरण तयार गर्नुपर्दछ। साथै सबै आय व्ययलाई सुत्रको माध्यमबाट एकीकृत गर्नु पर्दछ ।

५

**एकिकृत आर्थिक विवरणः**

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | **288684669.22** | १ | **चालु खर्च** | ४८६१०७५२०.३५ | ४८६१०७५२०.३५ |
| | **क. नगद** | | | २ | **पूँजीगत खर्च** | २८५५२००८८.७० | २८५५२००८८.७० |
| | **ख. बैंक** | 288684669.22 | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | **0** | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | | **202876518.41** | | **क. ऋण भुक्तानी** | ० | |
| | **क. आन्तरिक राजस्व** | 23373357.71 | | | **ख. ब्याज भुक्तानी** | **0** | |
| | **ख. राजस्व बाँडफाँड** | 167584363.70 | | | **ग. अन्य भुक्तानी** | **0** | |
| | **ग. अन्य आय** | **11918797** | | ४ | **लगानी** | **0** | |
| ३ | **वित्तीय हस्तान्तरण संघ** | | **564048000** | | **ऋण लगानी** | **0** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क. वित्तीय समानीकरण अनुदान | 1794000 | | | शेयर लगानी | **0** | |
| | ख. सशर्त अनुदान | 374248000 | | | अन्य लगानी | **0** | |
| | ग. समपूरक अनुदान | 10400000 | | ५ | धरौटी फिर्ता | **7098830** | **7098830** |
| | घ. विशेष अनुदान | **0** | | ६ | जनश्रमदान फिर्ता | **0** | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | **48607000** | ७ | कोष फिर्ता | **0** | |
| | क. वित्तीय समानीकरण अनुदान | 8563000 | | ८ | मौज्दात | | |
| | ख. सशर्त अनुदान | 11544000 | | | क. बैंक मौज्दात | **233645561** | **233645561** |
| | ग. समपुरक अनुदान | 20000000 | | | ख. नगद मौज्दात | **0** | |
| | घ. विशेष अनुदान | 8500000 | | ९ | शसर्त अनुदान फिर्ता | **100473547** | **100473547** |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | 700000 | **700000** | १० | गत बर्षको बढी अल्या | **0** | |
| ६ | अन्य सामाजिक सुरक्षा गरिव सँग विश्वश्वर | 247038263 | **247038263** | ११ | जनश्रमदान मौज्दात | **0** | |
| | क. क्षेत्रीय शहरी विकास योजना | **0** | | १२ | धरौटी मौज्दात | **22074111** | **22074111** |
| | ख. सडक बोर्ड नेपाल | **0** | | १३ | कोष खाताको मौज्दात | | |
| | ग. पर्यटन बोर्ड नेपाल | **0** | | १४ | सामाजिक सुरक्षा गरिव सँग विश्वश्वर | 247038263 | **247038263** |
| | घ. एन एन एस डब्लु ए | **0** | | **15** | साटन वाँकी चेक | **-830429** | **-830529** |
| ७ | विभिन्न कोषतर्फको आय | | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८</td><td>जनसहभागिता (नगद)</td><td>0</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>९</td><td>विषयगत निकायबाट प्राप्त</td><td>0</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१०</td><td>धरौटी आय</td><td>29172941.37</td><td>29172941.37</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>११</td><td>लगानीको साँवा फिर्ता</td><td>0</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१२</td><td>अन्य विविध आय</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>१३८११२७३९२</td><td>१३८११२७३९२</td><td></td><td>जम्मा</td><td>१३८११२७३९२</td><td>१३८११२७३९२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>स्थानीय सरकार संचालनमा भएका कार्य कार्यान्वियन नभएको:<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ अनुसार नभएका कार्यहरु<br>१. सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमको कार्य नभएको ।<br>२. एक सय वाट सम्मको एफ.एम. रेडियो सञ्चालन अनुमती नवीकरण नियमन र खारेजी सम्बन्धी कार्य नभएको ।<br>३. प्रदेश कानूनको अधीनमा रही एफ.एम. सन्चालन सम्बन्धी अन्य कार्य नभएको ।<br>५. जडिबुटी कवाडी र जीवजन्तु कर निर्धारण तथा संकलन सम्बन्धी कार्य नभएको ।<br>६. राजस्व सूचना तथा तथ्यांकको आदानप्रदान सम्बन्धमा कार्य नभएको ।<br>७. संघीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति कानून मापदण्ड र नियमन सम्बन्धी कार्य नभएको ।<br>८. स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति कानून मापदण्ड र नियमको कार्य नभएको ।<br>९. स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड सेवा शर्त योजना कार्यान्वियन र नियमन सम्बन्धमा कार्य नभएको ।<br>१०. स्थानीय कानून बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी निर्धारण गर्ने सम्बन्धमा कार्य नभएको ।<br>११. स्थानीय तथ्याक सम्बन्धी नीति कानून मापदण्ड योजना कार्यान्वियन र नियमन तथा आधारभुत तथ्यांक संकलन र व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>१२. विकास आयोजना तथा परियोजना सम्बन्धी नीति कानून मापदण्ड तर्जुमा कार्यान्वियन अनुगमन मुल्याङ्कन र नियमन सम्बन्धी कार्य नभएको ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १३. आयोजनाको अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याकंन सम्बन्धी कार्य नभएको ।<br>१४. संघीय तथा प्रदेश कानूनको अधीनमा रही शहरी विकास बस्ती विकास र भवन सम्बन्धी नीति कानून मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा आयोजना पहिचान अध्ययन कार्यान्वयन र नियमको कार्य नभएको ।<br>१५. संघीय र प्रदेश स्तरीय आयोजना तजा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग समन्नधमा कार्य नभएको ।<br>१६. गुठी र सहकारी विद्यालय स्थापना अनुमति सञ्चालन व्यवस्थापन तथा नियमन सम्बन्धमा कार्य नभएको<br>१७. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन तथा नियमन गर्ने सम्बन्धमा कार्य नभएको ।<br>१८. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सम्पत्तीको अभिलेख संरक्षण र व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>१९. ट्यूसन कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्ययन सेवाको अनुमती तथा नियमनको सम्बन्धमा कार्य नभएको ।<br>२० स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>२१. आधारभुत स्वास्थय र सरसफाइ तथा पोषण सम्बन्धी नीति कानून मापदण्ड योजनाको तर्जुमा कार्यान्वयन तथा नियमको कार्य नभएको ।<br>२२. स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदुषण नियन्त्रण र नियमन सम्बन्धी कार्य नभएको ।<br>२३. स्वास्थ्यमा फोहोरमैला संकलन पुन उपयोग प्रशोधन विसर्जन र सो<br>को सेवा शुल्क निर्धारण र नियमनको सम्बन्धमा कार्य नभएको ।<br>२४. रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालनको सम्बन्धमा कार्य नभएको ।<br>२५. सरसफाइ तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसंगको समन्व्य सहकार्य र साझेदारी सम्बन्धी कार्य नभएको ।<br>२६. परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन अनुमती अनुगमन तथा नियमनको कार्य नभएको<br>२७. स्थानीय वस्तुहरुको उत्पादन आपुर्ती तथा निकासी प्रक्षेपण मूल्य निर्धारण र अनुगमन सम्बन्धी कार्य नभएको<br>२८. स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माणको कार्य नभएको ।<br>२९. स्थानीय व्यापारको तथ्यांक प्रणाली र अध्ययन अनुस्नधान सम्बन्धी कार्य नभएको ।<br>३०. स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण प्रवर्द्धन र अभिलेखाङ्कन सम्बन्धी कार्य नभएको ।<br>३१ उपभोक्ता अभिवृद्धि लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण सम्बन्धी कार्य नभएको ।<br>३२. वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति कानून मापदण्ड योजना तर्जुमा तथा त्यसको कार्यान्वयन अनुगमन र नियमन सम्बन्धी कार्य नभएको<br>३३. स्थानीय स्तरमा वातावरणीय जोखिम न्यूनीकरण सम्बन्धी कार्य नभएको ।<br>३४. स्थानीयस्तरमा न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन गर्ने कार्य नभएको ।<br>३५. स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापनको सम्बन्धमा कार्य नभएको ।<br>३६. स्थानीय ग्रामिण तथा कृषि सडक र सिचाई सम्बन्धी नीति कानून मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा कार्यान्वयन अनुगमन र | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नियमन सम्बन्धी कार्य नभएको ।<br>३७. स्थानीय ग्रामिण तथा कृषि सडक झोलुङ्गे पुल पुलेसा सिचाई र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा कार्यान्वयन मर्मत सम्भार र नियमन सम्बन्धी कार्य नभएको ।<br>३८. स्थानीयस्तरका सिंचाइ प्रणालीको निर्माण सञ्चालन रेखदेख मर्मत सम्भार स्तरोन्नति अनुगमन र नियमन सम्बन्धी कार्य नभएको ।<br>३९. यातायात सुरक्षाको व्यवस्थापन र नियमनको सम्बन्धमा कार्य नभएको ।<br>४०. स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका बिषयमा संयुक्त समिति गठन गर्ने कार्य नभएको ।<br>४१. गाउँपालिका तथा नगरपालिकालाई आर्थिक व्ययभार पर्ने विषयको नियमन सम्बन्धी कार्य नभएको<br>४२. स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति कानून मापदण्ड योजनाको निर्माण कार्यान्वयन अनुगमन र नियमन गर्ने कार्य नभएको ।<br>४३. जनसांख्यिक प्राकृतिक आर्थिक सामाजिक सांस्कृतिक भौतिक पूर्वाधार रोजगारीको अवस्था कुल ग्राहस्थ उत्पादन प्रतिव्यक्ति आय मानव विकास तथा लैङ्गिक सशक्तिकरण सुचकांक राजस्वा तथा आयव्यय समेतको तथ्यांक संकलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता नक्साको अद्यावधिक अभिलेख सम्बन्धी कार्य नभएको ।<br>४४. सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालनको कार्य नभएको ।<br>४५. सार्वजनिक सम्पत्ति सामुदायिक सम्पत्ति भवन सडक पसल व्यवसायको विवरण सहितको अभिलेख सम्बन्धी कार्य नभएको ।<br>४६. आफ्नो क्षेत्रभित्र सम्पन्न् भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेख सम्बन्धी कार्य नभएको ।<br>४७. स्थानीय जग्गाको नापनक्सा कित्ताबाट हाल साविक रजिष्ट्रेशन नामसारी तथा दाखिल खारेज सम्बन्धी कार्य नभएको<br>४८. जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>४९. भुमिको वर्गीकरण अनुसारको लगत व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>५०. सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ती मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण गर्ने सम्बन्धमा कार्य नभएको ।<br>५१. नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण गर्ने सम्बन्धमा कार्य नभएको ।<br>५२. जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण सम्बन्धी अन्य कार्य नभएको ।<br>५३. कृषि तथा पशुपक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण र पशुपंक्षी चिकित्सा सेवाको व्यवस्थजापन सम्बन्धी कार्य नभएको ।<br>५४. उच्च मूल्याङ्कन कृषिजन्य वस्तुको प्रवर्द्धन विकास तथा बजारीकरण सम्बन्धमा कार्य नभएको ।<br>५५. स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन एवम् पशु आहारको गुणस्तर नियमन सम्बन्धी कार्य नभएको ।<br>५६. स्थानीय स्तरमा पशुपंक्षी सम्बन्धी तथ्यांको व्यवस्थापन र सूचना प्रणालीको निर्माण सम्बन्धमा कार्य नभएको ।<br>५७. पशु वद्यशाला र शीत भण्डारकव व्यवस्थापन र नियमन सम्बन्धी कार्य नभएको ।<br>५८. पशुपंक्षी सम्बन्धी विमा र कर्जा सहजीकरण सम्बन्धी कार्य नभएकोजेष्ठ नागरिक क्लब दिवा सेवा केन्द्र आश्रय केन्द्रको सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य नभएको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ५९. जेष्ठ नागरिक क्लब दिवा सेवा केन्द्र आश्रय केन्द्रको सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>६०. संघ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनस्थापना केन्द्र जेष्ठ नागरिक केन्द्र तथा अशक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>६१. सडक बालबालिका अनाथ असहाय अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरुको पुनर्स्थापना केन्द्रको सञ्चालन व्यवस्थान अनुगमन र नियमन सम<br>६३. स्थानीयस्तरमा रहेका स्वेदशी तथा विदेशी श्रमिकको लगत संकलन तथा सूचना व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>६४. विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्यांक संकलन तथा सूचना व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>६५. सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तीको सूचना तथा तथ्यांकको संकलन तथा व्यवस्थापनको कार्य नभएको ।<br>६७. कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण व्यवस्थापन र परिचालन सम्बन्धी कार्य नभएको ।<br>६८. स्थानीयस्तरमा कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण सम्बन्धी कार्य नभएको ।<br>६९. स्थानीयस्तरका श्रोत केन्द्रहरुको विकास र व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>७०. खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>७१. एक मेगाबाट सम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति कानून मापदण्ड योजना तर्जुमा कार्यान्वयन अनुगमन र नियमन सम्बन्धी कार्य नभएको ।<br>७२. स्थानीयतहमा वैकल्पिक उर्जासम्बन्धी नीति कानून मापदण्ड योजना तर्जुमा कार्यान्वयन नियमनको कार्य नभएको ।<br>७३. स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन सञ्चालन अनुगमन र नियमन सम्बन्धी कार्य नभएको<br>७४. स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण क्षमता अभिवृद्धि र प्रवर्द्धनको कार्य नभएको ।<br>७५. खानेपानी साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य नभएको ।<br>७६. स्थानीय स्तरमा विपद पूर्व सूचना प्रणाली खोज तथा उद्दार र समन्वय सम्बन्धी कार्य नभएको ।<br>७७. स्थानीय तटबन्ध नदि र पहिरोको नियन्त्रण तथा नदिको व्यवस्थापन र नियमन सम्बन्धी कार्य नभएको ।<br>७८. विपद् व्यवस्थापनमा संघ प्रदेश र स्थानीय समुदाय संघ संस्था तथा नीजी श्रेत्रसँग सहयोग समन्वय र सहकार्य सम्बन्धी कार्य नभएको ।<br>७९. विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजना तर्जुमा कार्यान्वयन अनुगमन र निमयन सम्बन्धी कार्य नभएको ।<br>८०. विपद् पश्चात स्थानीयस्तरको पुनस्थापना र पुन निर्माण सम्बन्धी कार्य नभएको ।<br>८१. स्थानीय स्तरको विपद् सम्बन्धी तथ्यांक व्यव्थापन र अध्यनन अनुसन्धान सम्बन्धी कार्य नभएको ।<br>८२. स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणालीको निर्माण नभएको ।<br>८३. जलाधार वन्यजन्तु खानी तथा खनिज तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति कानून मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन सम्बन्धी कार्य नभएको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ८४. सामुदियक भु-संरक्षण र सो मा आधारीत आय आर्जन कार्यक्रम सम्बन्धी कार्य नभएको ।<br>८५. भु-संरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकुलन सम्बन्धि कार्य नभएको ।<br>८६. खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्यांक संकलनको कार्य नभएको ।<br>८७. बहुमुल्य धातु पत्थर तथा खनिज पदार्थको संरक्षण र संवर्द्धनमा सहयोग सम्बन्धी कार्य नभएको ।<br>८८. भाषा संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानय स्तरको नीति कानून मापदण्ड योजना कार्यान्वयन अनुगमन र नियमनको कार्य नभएको ।<br>८९. पुरातत्व प्राचीन स्मारक तथा संग्राहलयको संरक्षण सम्भार प्रवर्द्धन र विकास सम्बन्धी कार्य नभएको ।<br>९०. स्थानीय तहका पत्रपत्रिकाको दर्ता अभिलेख र नियमन सम्बन्धी कार्य नभएको ।<br>९१. संघीय तथा प्रदेश स्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण सम्बन्धी कार्य नभएको ।<br>९२. जनरल अस्पताल नर्सिङ्ग एवम निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था र क्लिनिक दर्ता सञ्चालन अनुमति र नियमन सम्बन्धी कार्य नभएको ।<br>९३. स्थानीयस्तरमा औषधिजन्य वनस्पती जडिवुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन प्रशोधन र वितरण सम्बन्धी कार्य नभएको ।<br>९४. स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरुको न्यूनतम मूल्य निर्धारण र नियमन सम्बन्धी कार्य नभएको ।<br>९५. स्थानीयस्तरमा औषधियको उचित प्रयोग र सुक्ष्मजीव निरोधक प्रतिरोध न्यूनिकरणको कार्य नभएको ।<br>९६. आयुर्वेदिक युनानी आम्ची होमियोप्याथिक प्राकृतिक चिकित्सा लगायतका परम्पागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>९७. विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>९८. खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>९९. स्थानीय साना सतह तथा भुमिगत सिंचाइ प्रणालीको सञ्चालन तथा मर्मत सम्भार सेवा शुल्क र संकलन सम्बन्धी व्यवस्थापनको कार्य नभएको ।<br>१०१. सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी संकलनकव कार्य नभएको<br>१०२ पानीघट्ट कुलो पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी संकलनको कार्य नभएको ।<br>१०३. वन जंगल वन्यजन्तु चराजुरुङ्गी जल उपयोग वातावरण पर्यावयरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति कानून मापदण्ड योजना कार्यान्वयन अनुगमन र नियमनको कार्य नभएको ।<br>१०४.स्थानीयस्तरमा सामुदायिक ग्रामिण तथा शहरी धार्मिक कबुलियती र साझेदारी वनको संरक्षण संवर्द्धन उपयोग अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>१०५. स्थानीयस्तरमा नदि किनार नदि उकास नहर नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>१०६. स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा पाखा वा क्षेत्रमा वृक्षारोपण सम्भार उपयोग र व्यव्थापन सम्बन्धी कार्य नभएको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १०७. स्थानीय स्तरमा जडिबुटि तथा गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्वेक्षण उत्पादन संकलन प्रवर्द्धन प्रशोधन र बजार व्यवस्थापनको कार्य नभएको ।<br>१०८. बनबीउ बगैंचा स्थापना व्यवस्थापन र प्रवर्द्धन सम्बन्धी कार्य नभएको ।<br>१०९. नर्सरी स्थापना बिरुवा उत्पादन वितरण रोपण र प्रवर्द्धन सम्बन्धी कार्य नभएको ।<br>११०. जैविक विविधताको अभिलेखांकन तथा स्थानीयस्तरमा वन वन्यजन्तु तथा चराचुरुङ्गी अभिलेखाङ्कन र अध्ययन अनुसन्धान सम्बन्धी कार्य नभएको ।<br>१११. मिचाहा प्रजातिको नियन्त्रण तथा रैथनी प्रजातिको संरक्षण र प्रवर्द्धन सम्बन्धी कार्य नभएको ।<br>११२. विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका वन सिमसार क्षेत्र नटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत व्यवस्थापनको कार्य नभएको ।<br>११३. मानव तथा वन्यजन्तु बीचको द्धन्द्ध व्यवस्थापनको सम्बन्धमा कार्य नभएको ।<br>११४. स्थानीय प्राणी उद्यान चिडियाखाना को स्थापना र सञ्चालन सम्बन्धी कार्य नभएको ।<br>११५. स्थानीयस्तरमा आरवेटोपद्धार व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>११६. स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत आयोजना तर्जुमा कार्यान्वियन अनुगमन र नियमनको कार्य नभएको ।<br>११७. स्थानीयस्तरमा वातावरणीय जोखिम र न्यूनिकरण प्रदुषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियमन र व्यवस्थापन तथा न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन सम्बन्धी कार्य नभएको ।<br>११८. सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याक र सूचना व्यवस्थापनको कार्य नभएको ।<br>११९. गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण सूचना व्यवस्थापन र नियमनको कार्य नभएको ।<br>१२०. स्थानीयतस्तरमा पुरातत्व प्राचीन स्मारक र सङ्ग्राहलय संरक्षण संवर्द्ध र पुन निर्माण सम्बन्धी कार्य नभएको ।<br>१२१. सुकुम्बासीको पहिभान र अभिलेख व्यवस्थापन तथा सुकुम्बासी सम्बन्धी जिविकोपार्जन र बसोबास व्यवस्थापनको सम्बन्धमा कार्य नभएको ।<br>१२२. प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति कानून मापदण्ड तथा नियमनको कार्य नभएको ।<br>१२३. यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति कानून मापदण्ड योजना कार्यान्वियन र नियमन सम्बन्धी कार्य नभएको ।<br>१२४. स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण अनुमति नवीकरण खारेजी सेवाको गुणस्तर भाडादर निर्धारण र नियमन सम्बन्धी कार्य नभएको ।<br>१२५. वातावरणमैत्री जलवायु परिवर्तन अनुकुलन विपद् जोखिम संवेद्य अपाङ्गता अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवर्द्धन सम्बन्धी कार्य नभएको ।<br>१२६. संघीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीयस्तरको भू-उपयोग नीति योजना कार्यक्रम तर्जुमा र कार्यान्वियन सम्बन्धी कार्य नभएको ।<br>१२७. संघीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थीत वस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वियन एकीकृत वस्ती | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>१२८. संघीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा टेलिसेन्टर केबुल तथा तारविहिन टेलिभिजन प्रसारणको अनुमती नवीकरण र नियमन सम्बन्धी कार्य नभएको । १२९. स्थानीय बस ट्रली बस ट्राम जस्ता मध्यम क्षमताका मास ट्राञ्जिट प्रणालीको नीति मापदण्ड योजना कार्यान्वियन अनुगमन र नियमन सम्बन्धी कार्य नभएको ।<br>१३०. राष्ट्रिय रेल पूवार्धारको उपयोग तथा नगरक्षेत्रीय शहरी रेल सेवाको सञ्चालन व्यवस्थापन मर्मत सम्भार समन्वय साझेदारी र सहकार्य सम्बन्धी कार्य नभएको | |
| ७ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची 14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र बैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।ु • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखी रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईएन।ु<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०53 को नियम 6 क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली 2064 को नियम 7 र 8 खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ४२ जनाको दरबन्दी रहेकोमा २२ दरबन्दी रिक्त रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.८,७५,९४,९४४तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार नगरपालिकाले गर्नुपर्ने उल्लेख भएका कार्यहरु गरिएको हुनुपर्नेमा देहायका कार्यहरु भएको देखिएन । अत उक्त ऐनद्वारा गर्नुपर्ने कार्यहरु प्रभावकारी रुपमा गरिनु पर्ने देखिन्छ । | |
| ८ | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
अनुदान प्राप्ती र फिर्ता<br>
संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने सामानिकरण वाहेकका अनुदान बर्ष भरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार २०७९ असार मसान्तमा देहाय बोमोजिम खर्च नभई बाँकी रहेको रु१००४३३०४६ अनुदान फिर्ता गरेको पाइयो ।
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>शसर्त</td><td>३७४२४८०००</td><td>२९४६१०६२८</td><td>७९६३७३७१</td></tr>
<tr><td></td><td>विषेश</td><td>१०४०००००</td><td>१०३९७७००</td><td>२३००</td></tr>
<tr><td></td><td>समपुरक</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>अन्य</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>शसर्त</td><td>११५४४०००</td><td>१०१४२९६६</td><td>१४०१०३४</td></tr>
<tr><td></td><td>विषेश</td><td>८५०००००</td><td>७९९१६५९</td><td>५०८३४१</td></tr>
<tr><td></td><td>समपुरक</td><td>२००००००००</td><td>१११६०००</td><td>१८८८४०००</td></tr>
<tr><td></td><td>अन्य</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४२४६९२०००</td><td>३२४२५८९५३</td><td>१००४३३०४६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>
महोत्सव तथा अन्य खर्च<br>
स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । गाउँपालिकाले यस वर्ष ५००००० उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा खर्च गरेको छ ।यस्तो खर्चमा नियन्त्रन गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>
अनुदानको अनुगमन<br>
सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ। कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट २५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८।०७९मा कन्टीन्जेन्सी बापत रु ५६५२०६३ कट्टी गरेको छ। यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन। | |
| १२ | | | **कार्य सम्पन्न प्रतिवेदन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ। यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन। कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन। | |
| १३ | | | **लक्ष्य प्रगति**<br>कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको बिवरण अनुशार आ ब २०७८।०७९ मा संचालित योजनाको प्रगती बिवरण निम्न अनुशार रहेको छ।<br><table><tr><td>कार्यक्रम/योजना</td><td>कुल कार्यक्रम</td><td>शून्य प्रगती</td><td>२५%सम्म प्रगति</td><td>५०% सम्म प्रगति</td><td>७५% सम्म प्रगति</td></tr><tr><td>कार्यक्रम संख्या</td><td>८६१</td><td>१८४</td><td>२३</td><td>३१</td><td>४६</td></tr></table> | |
| १४ | | | **सार्वजनिक परीक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०७८/०३/१० गते रु.९५ करोड ५३ लाख ७१ हजार को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८/०३/१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७८/०४/०१मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १६ | | | **सफ्टवेयर खरिद**<br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले कृषि योजना इस्टिमेट सफ्टवेयरको खरिद गरी रु. ४९४००० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । | |
| १७ | | | **बजेट सीमा निर्धारण समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| १८ | | | **कानून निर्माण र कार्यन्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २० वटा ऐन, ४ वटा नियमावली, २३ कार्यविधि, ३ निर्देशिका , १ नर्म्स लगायत ५१ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले १० वटा कानूनहरु निर्माण गरी सभाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन तसर्थ उक्त कानूनहरु कार्यान्वियनमा ल्याउनु पर्दछ । | |
| १९ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १०२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ७७जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका पद लेख्रे सहित ३ पदहरुमा २५ दरबन्दी रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| २० | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ७५ रहेको र यो बर्ष थप भएको ५६गरी कुल १३१ विवाद दर्ता भएकोमा २० वटा मात्र फछ्र्यौट भई १११ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २१ | | | **स्थानीय तहका पदाधिकारी सुविधा**<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रु ११९६२१४८ सुविधा वापत भुक्तानी भएको छ । | |
| २२ | | | **डीपीआर खर्च**<br>बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।<br>क्र स \| कार्यक्रमको नाम \| परामर्शदाता \| स्वीकृत बजेट \| खर्च रकम | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>थारु सँङ्ग्राहलय डिपिआर</td><td>इसिसिआरसि नेपाल प्रा लि</td><td>५०००००</td><td>४९६३००</td></tr>
<tr><td>२</td><td>सडक डिपिआर</td><td>एपिइन्जिनियरिँन डिजाइन सोलुसन</td><td>१०८००००</td><td>१०७३७०३</td></tr>
<tr><td>३</td><td>सुरइ खोला सिचाँइ डिपिआर</td><td>टेक्नोसेन्टस इन्जिनियरिँग कन्सल्ट प्रा लि</td><td>२००००००</td><td>१९९७८००</td></tr>
<tr><td>४</td><td>कभर्डहल डिपि</td><td>आर टेक्नोसेन्टस</td><td>५०००००</td><td>४९६०००</td></tr>
<tr><td>५</td><td>सभाहल तथा पुस्तकालयको डिपिआर</td><td>इनोभेटिभ क्रियशन कन्स्ट्रक्सन एण्ड मोडलिङ्ग</td><td>५०००००</td><td>४९७२००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४५८००००</td><td>४५६१००३</td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>आयको अनुमान<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ९५०००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रू ३५२९२१५४.७१ अर्थात अनुमान भन्दा ६२.८५ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>आन्तरिक आय<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।
<table>
<tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ४३९०२०६७० \| ३५२९२१५४।७१ \| ८.०३<br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ८.०३प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २५ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| २६ | | | **अबण्डा बजेट** –<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी दफा ७१ बमोजिम बजेट पेश र पारित गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु १ करोड ८५ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम विभिन्न तोक आदेसको आधारमा खर्च गरेको छ। | |
| २७ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न कति पद पदमा जना कर्मचारीहरु करारमा राखि रु.२८८००००० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न कति पद पदमा ९७ जना करार नियुक्ति गरी बर्षभरीमा रु.३१५८४०० भुक्तानी गरेको अनियमित दिखएको रु<br>**क्रम** \| **कर्मचारीको नाम** \| **असुली रकम** | ३,१५८,४०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २७.१ | शिबराज नगरपालिका | ३१,५८,४०० | |
| २८ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| २९ | | | **खर्च बिश्लेषण**<br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ३५२९२१५४।७१ राजस्व बाँडफाँड १६७५८४३६३.७०अनुदानबाटअनुदान ६१२६५५००० रु.७२९७६२०००समेत रु.८१५५३१५१८.४१ आम्दानी भएकोमा चालु तर्फ रु४८६१०७५२०.३० र पूँजिगत तर्फ रु. २८५५२००८८.७० समेत रु७७१६२७६०९.खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.५७प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु११९६२१४८ खर्च भएको छ जुन आन्तरिक आयको २९५,०३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट प्रतिशत चालु र ५९.६०प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च ४०.४ भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ३० | | | **भ्रमण खर्च**<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७६ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गरी रु.१९,८३,७२९ खर्च गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ३१ | | | **क्षेत्रगत बजेट र खर्चको स्थिति**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्यक्षेत्र | वार्षिकवजेट | खर्चरकम | कुलखर्चमध्येप्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 51726000 | 33921857 | 4.4 |
| सामाजिक क्षेत्र | 526217000 | 418007499 | 54.2 |
| पूर्वाधार विकास क्षेत्र | 276122000 | 191898366 | 24.9 |
| सुशासन अन्तरसम्वन्धित | 12692000 | 5846680 | 0.8 |
| कार्यसञ्चालन तथा प्रशासनिक खर्च | 157430000 | 121953205 | 15.8 |
| जम्मा | 1024187000 | 771627609 | 100.0 |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक बिकास खर्च मा सबैभन्दा बढि ५४.२ सुशासन अन्तरसम्वन्धित सबै भन्दा घटीमा ०.८ प्रतिशत रहेको छ । पालिकाको कुल आन्तरिक आय रु ३५२९२१५४ अथार्त कुल खर्चको तुलानामा ८ प्रतिशत मात्र रहेको छ तर कार्यसञ्चालन तथा प्रशासनिक खर्च रु १२१९५३२०५ अथार्त कुल खर्चको तुलानामा १५।८ प्रतिशत रहेको छ । आन्तरिक आय भन्दा प्रशासनिक खर्च रु ८६६६१०५१ ले बढी गरेकोले आन्तरिक आय वृद्दि तथा प्रशासनिक खर्च मितव्ययितामा पालिकाले ध्यान दिनु पर्ने देखियो ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **कर तथा शुल्क असुली**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| आय शीर्षक | अनुमान | असुली |
|---|---|---|
| एकीकृत सम्पत्ति कर भुमि कर मालपोत | १५०००००० | ६३६५२५४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>नक्सापास दस्तुर</td><td>४०००००० </td><td>८१७३३१६</td></tr><tr><td>अन्य विक्रिवाट प्राप्त राजश्व</td><td>६००००००० </td><td>११९१८७९७</td></tr><tr><td>सिफारिश</td><td>८००००००</td><td>४६३७८३९</td></tr><tr><td>व्यावसाय कर</td><td>४००००००</td><td>२३५५१४७</td></tr><tr><td>अन्य राजश्व</td><td>४००००००</td><td>१८४१८००</td></tr><tr><td>जम्मा</td><td>९५००००००</td><td>३५२९२१५३</td></tr></table>पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>स्थानीयतह विभाज्य कोष<br>प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थााथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>राजस्व अभिलेख<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजस्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>मनोरञ्जन कर</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ मा पालिकाले यस शीर्षकमा कुनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ३६ | | | **सम्पत्ति हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ३७ | | | **सवारी कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस कर उठाएको छैन।हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ३८ | | | **प्राविधिक बिल र कार्य सम्पन्न**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ३९ | | | **लागत सहभागिता**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ४० | | | **व्यवसाय कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. २३५५१४७कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ४१ | | | **सेवाप्रवाहको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ । स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवालाई सेवाग्राही मैत्री र प्रभावकारी बनाउनुपर्दछ ।<br><br>विवरण — जम्मा<br>स्वीकृत घरनक्सा दर्ता पास — ६५<br>पञ्जिकरणतर्फ —<br>जन्मदर्ता — १९२१<br>मृत्युदर्ता — ७४९<br>बसाईसराई दर्ता — ८७८<br>विवाह दर्ता — ५२७<br>सम्बन्धविच्छेद दर्ता — २३ | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ६५ |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | १९२१ |
| मृत्युदर्ता | ७४९ |
| बसाईसराई दर्ता | ८७८ |
| विवाह दर्ता | ५२७ |
| सम्बन्धविच्छेद दर्ता | २३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>१६.८७</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>५</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>४०.७३</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>
योजना छनौट र कार्यान्वयन<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८।०७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr>
<tr><td>६५</td><td>१११</td><td>१६५</td><td>५९</td><td>३६</td><td>४३६</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. १ लाख देखि १० लाख भन्दा माथिका जम्मा ४३६ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ६५ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>
औषधी खरिद<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहले रु. ८०८८९२ सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br><br>
खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,<br>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४४ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले यस वर्ष रु.९४००० आर्थिक सहायता वितरण गरेकाे छ। आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ४५ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु. २९५७६३२ खर्च गरेको छ ।यस्तो खर्चमा मितब्ययितता कायम गर्नुपर्दछ । | |
| ४६ | | | **अनुगमनः** | |
| ४६.१ | | | राष्ट्रीय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन् | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ¬ निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।<br>¬ मापदण्ड बमोजिम अनुगमन गरेको छैन। ¬ निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन।<br>¬ शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन।<br>¬ अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि।<br>अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ । | |
| ४६.२ | | | पालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| ४७ | | | **सामाजिक सुरक्षाः** | |
| ४७.१ | | | तथ्यांक अध्यावधिक - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को बुदा नं. १२ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैङ्क र वित्तीय संस्था विच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धीत स्थानीय तहको हुने उल्लेख छ। कार्यालयले प्रत्येक बर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन। कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सुचना अद्यावधिक गर्नुपर्दछ। | |
| ४७.२ | | | **सार्वजनिक सुनुवाई -**<br>पालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। गाउँपालिकाको कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन। गाँउपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ। | |
| ४८ | | | **विपद व्यवस्थापनः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४८.१ | | | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि मात्र १२ वटा बैठक बसी लाभग्राहीलाई सहयोग कार्य गरेको पाइयो। ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ | |
| ४८.२ | | | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गर्ने, अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने सम्बन्धी व्यवस्था छ। पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन। ऐन तथा नियमावलीको पालना गराउनु पर्दछ। | |
| ४८.३ | | | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात रू. .५५९५७१४ र यस वर्षको आम्दानी रु. ० समेत रू. .५५९५७१४।कुल आम्दानी भएकोमा रू. ५१३५४१ खर्च गरी बाँकी रु. ५०८२१७३ बाँकी देखिन्छ। | |
| ४८.४ | | | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ। | |
| ४९ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ<br><br>पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं अभिलेख राख्नु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **सवारीसाधन खरिदः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ मोटरसाइकल खरिदमा रु. ५६९०००० समानीकरण बजेटबाट खर्च गरेको छ । | |
| ५१ | | | **शिक्षक दरवन्दी र पदपूर्तिः**<br><br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ६२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी २४७ मध्ये १२४ को स्थायी १२३ करार बाट पदपूर्तिको रहेको देखिन्छ। | |

| | | प्रा शि शिक्षक दरबन्दी | | | नि मा शि शिक्षक दरबन्दी | | | मा शि शिक्षक दरबन्दी | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विद्यालयको नाम | दरबन्दी | राहत | जम्मा दरबन्दी | दरबन्दी | राहत | जम्मा दरबन्दी | दरब न्दी | राहत | जम्मा दरबन्दी | कक्षा १ १२ रा |
| १ | सरस्वती नि.मा.वि.शिवपूर | २ | २ | ४ | ० | | ० | ० | | ० | |
| २ | नेपालआदर्श मा.वि.शिवपूर | ११ | २ | १३ | ५ | २ | ७ | ६ | ३ | ९ | ६ |
| ३ | मनकामना प्रा.वि.करैया | ० | २ | २ | ० | | ० | ० | | ० | |
| ४ | जागृति प्रा.वि.सन्दीपनगर | ० | २ | २ | ० | | ० | ० | | ० | |
| ५ | ज्ञानज्योति प्रा.वि.उमरी | ० | २ | २ | ० | | ० | ० | | ० | |
| ६ | बुद्ध प्रा.वि.हर्रहवा | ३ | | ३ | ० | | ० | ० | | ० | |
| ७ | शिव प्रा.वि.भलुही | २ | | २ | ० | | ० | ० | | ० | |
| ८ | जनता नि.मा.वि.मदरहवा | ४ | १ | ५ | ० | | ० | ० | | ० | |
| ९ | वालशिक्षा मा.वि.हल्लानगर | ० | ५ | ५ | ० | | ० | ० | | ० | |
| १० | धर्मज्योति प्रा.वि.भितरिया | १ | २ | ३ | ० | | ० | ० | | ० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | दुर्गाभगवती मा.वि.नयांवस्ती | २ | १ | ३ | ० | १ | १ | १ | | १ | | ५ | ३ |
| १२ | नि.मा.वि.मदवा | ३ | १ | ४ | ० | | ० | ० | | ० | | ४ | १ |
| १३ | देउराली प्रा.वि.खरेन्द्रपुर | ० | १ | १ | ० | | ० | ० | | ० | | १ | १ |
| १४ | वेवरभवानी प्रा.वि.मैनार | २ | १ | ३ | ० | | ० | ० | | ० | | ३ | १ |
| १५ | देविस्थान प्रा.वि.वलुहवा | १ | २ | ३ | ० | | ० | ० | | ० | | ३ | १ |
| १६ | महेन्द्र नि.मा.वि.वरगदवा | २ | १ | ३ | ० | | ० | ० | | ० | | ३ | १ |
| १७ | रा.नि.मा.वि.डकहिया | ३ | | ३ | ० | | ० | ० | | ० | | ३ | १ |
| १८ | समयथान मा.वि.खरेन्द्रपूर | ८ | २ | १० | १ | ३ | ४ | २ | २ | ४ | २ | २० | ९ |
| १९ | राम जानकी प्राथमिक विद्यालय, समिति चोक | | | ० | | | ० | | | ० | | ० | |
| २० | मदरसा दारुल अनावरुल कुरान प्रा.वि.,चनई | ० | | ० | ० | | ० | ० | | ० | | ० | |
| २१ | राष्टि«य मा.वि.चन्द्रौटा | ६ | १ | ७ | ० | ४ | ४ | १ | २ | ३ | २ | १६ | ८ |
| २२ | ज्ञानज्योति प्रा.वि.भढ्हिवा | ० | | ० | ० | | ० | ० | | ० | | ० | |
| २३ | सिद्धार्थ नि.मा.वि.खैरी | ३ | २ | ५ | ० | | ० | ० | | ० | | ५ | २ |
| २४ | दारुल उलुम सिद्धिकिया प्रा.वि. सौनी | ० | ० | ० | ० | | ० | ० | | ० | | ० | ० |
| २५ | मदरसा उसमान विन अफ्फान प्रा वि, चन्द्रौटा | ० | | ० | ० | | ० | ० | | ० | | ० | |
| २६ | प्रा.वि.मोतिनगर | ३ | १ | ४ | ० | | ० | ० | | ० | | ४ | २ |
| २७ | नि.मा.वि.धर्मनगर | २ | २ | ४ | ० | | ० | ० | | ० | | ४ | ३ |
| २८ | त्रिभुवन आर्दश मा.वि.पिपरी | ८ | | ८ | ३ | | ३ | ४ | | ४ | २ | १७ | ३ |
| २९ | बालविकास प्रा.वि. सुगानगर | ० | | ० | ० | | ० | ० | | ० | | ० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३० | मदरसा जियाउल वलूम प्रा वि, कुदरवेटवा | ० | | ० | ० | | ० | ० | | ० | | | ० | |
| ३१ | शेष प्रा वि जवाभारी | ३ | | ३ | ० | | ० | ० | | ० | | | ३ | १ |
| ३२ | प्रा वि जुमिली | ३ | | ३ | ० | | ० | ० | | ० | | | ३ | १ |
| ३३ | मदरसा अरबिया नुरुल उलुम प्रा वि, जवाभारी | ० | | ० | ० | | ० | ० | | ० | | | ० | |
| ३४ | मदरसा दारुल किताब सून्नह प्रा बि, रुद्रपुर | ० | | ० | ० | | ० | ० | | ० | | | ० | |
| ३५ | वालज्योति मा.वि. विसुनपुर | २ | १ | ३ | ० | १ | १ | ० | | ० | | | ४ | ३ |
| ३६ | जनचेतना मा.वि.लक्ष्मणपूर | १ | ३ | ४ | ० | २ | २ | ० | २ | २ | ४ | | १२ | ११ |
| ३७ | लक्ष्मणपुर प्रा.वि.लक्ष्मणपूर | ४ | | ४ | ० | | ० | ० | | ० | | | ४ | |
| ३८ | भानु प्रा.वि.सडवा | १ | १ | २ | ० | | ० | ० | | ० | | | २ | २ |
| ३९ | त्रिपुरेश्वर प्रा.वि.महुली | ० | २ | २ | ० | | ० | ० | | ० | | | २ | २ |
| ४० | दूर्गा प्रा.वि.देवीपुर | ० | | ० | ० | | ० | ० | | ० | | | ० | |
| ४१ | मदरसा अहले सून्नत गौसिया प्रा.वि. महुली | ० | | ० | ० | | ० | ० | | ० | | | ० | |
| ४२ | अहलेसून्नत वदरुल उलूम प्रावि, विसुनपुर | ० | | ० | ० | | ० | ० | | ० | | | ० | |
| ४३ | मदरसा अहले सुन्नत नूरुल उलुम प्रा वि, पकडी | ० | | ० | ० | | ० | ० | | ० | | | ० | |
| ४४ | शिव प्रा.वि.रमुवादह | २ | १ | ३ | ० | | ० | ० | | ० | | | ३ | |
| ४५ | प्रकाश मा.वि.सुन्दरीडांडँ | ७ | | ७ | ० | ४ | ४ | १ | २ | ३ | २ | | १६ | १० |
| ४६ | ने.रा.नि.मा.वि.छो.भगवानपूर | ४ | | ४ | ० | | ० | ० | | ० | | | ४ | २ |
| ४७ | शिवगढी प्रा.वि.विजगौरी | २ | १ | ३ | ० | | ० | ० | | ० | | | ३ | २ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४८ | शिवराज नि.मा.वि.ढांणखोला | २ | १ | ३ | ० | | ० | ० | | ० | | | ३ | २ |
| ४९ | सरस्वती मा.वि.वनियाभार | २ | २ | ४ | ० | | ० | ० | | ० | | | ४ | २ |
| ५० | ने.रा.प्रा.वि.सितलापूर | ३ | | ३ | ० | | ० | ० | | ० | | | ३ | १ |
| ५१ | जनता प्रा.वि. लालपूर | २ | १ | ३ | ० | | ० | ० | | ० | | | ३ | २ |
| ५२ | गंगापपुलर प्रा.वि.श्रीरीण्डीहवा | ० | २ | २ | ० | | ० | ० | | ० | | | २ | २ |
| ५३ | किशोरआदर्श प्रा.वि.इस्लामनगर | ० | २ | २ | ० | | ० | ० | | ० | | | २ | २ |
| ५४ | जनआदर्श प्रा.वि.गव्वापूर | ० | २ | २ | ० | | ० | ० | | ० | | | २ | २ |
| ५५ | मदरसा मोहम्मदिया अल सफिया प्रा वि सिवहरवा | ० | | ० | ० | | ० | ० | | ० | | | ० | |
| ५६ | मदरसा अहले सुन्नत गौसूल उलुम प्रा वि, लालपुर | ० | | ० | ० | | ० | ० | | ० | | | ० | |
| ५७ | दुर्गेशनन्दनी प्रा बि, थुन्हिया | ४ | | ४ | ० | | ० | ० | | ० | | | ४ | |
| ५८ | ज्ञानोदय नि.मा.वि.सेमरी | ३ | १ | ४ | ० | | ० | ० | | ० | | | ४ | २ |
| ५९ | दुर्गा प्रा.वि.नयांवस्ती | २ | १ | ३ | ० | | ० | ० | | ० | | | ३ | १ |
| ६० | रंगीलाल मा.वि.सडवा | ४ | १ | ५ | ३ | | ३ | ० | २ | २ | | | १० | ४ |
| ६१ | ब्रम्हदेव प्रा.वि., मरजातपुर | ० | | ० | ० | | ० | ० | | ० | | | ० | |
| ६२ | मदरसा मोहम्मदिया फैजूल उलूम प्रा.वि. थुन्हिया | ० | | ० | ० | | ० | ० | | ० | | | ० | |
| | जम्मा | ११७ | ५५ | १७२ | १२ | १७ | २९ | १५ | १३ | २८ | १८ | | २४७ | १२४ |

५२

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष 8261जनालाई रोजगारी उपलब्ध गराई रु.4632875 खर्च गरेको छ । लक्षित वर्गलाई 11 दिनदेखि 53 दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ५३ | | | **खर्चमा मितव्ययिताः** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेको देहाय बमोजिम पाईयो | |

| शिर्षक | बार्षिक बजेट |
|---|---|
| मर्मत खर्च | 4386614 |
| ईन्धन खर्च | ३९२९५११ |
| अनुगमन खर्च | १४३४७२३ |
| सेवा परामर्श खर्च | ५०२७५० |
| बैठक भता | ४७२४३०० |
| कुल कन्टिजेन्सी खर्च | ३०३९८२३ |

मर्मत अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन ।
निश्चित उदेश्य सहित बिशेष परिस्थितिमा मात्र कानुन द्वारा गठित समितीको बैठकमा मात्र बैठक खर्च लेख्न पाईने व्यवस्था विपरित कार्यालयका पदाधिकारी कर्मचारीहरुलाई कार्यालयकै नियमित कार्य सम्बन्धमा भएका बैठकको भता दिएको पाईयो सू
चना प्रकाशन गर्दा छुट लिने गरेको देखिएन।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खर्चको प्रयोजन नखुलेको<br>आन्तरिक आय न्यून भएको अवस्थामा समेत यस्तो खर्च नियन्त्रण भएको देखिएन तत् सम्बन्धमा सुधार गनुपर्ने देखिन्छ।<br>आवस्यकता आंकलन नगरी खर्च गरेको तथा प्यान विल राखी एउटै पार्टीवाट पटक पटक गरी सिमा भन्दा बढी खरिद गरि भुक्तानी गरेको पाईयो ।<br>सवारीलग बुक बेगर ईन्धन खर्च गरेको पाईयो ।<br>यस्ता खर्चहरुमा नियन्त्रण हुनु पर्दछ । | |
| ५४ | | | **परामर्श सेवा** – सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु ४५६१००३ खर्च लेखेको छ । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्र्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । | |
| ५५ | | | **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।नमुना छनौट गरिएका निर्माण कार्यमा स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| ५६ | | | | |
| ५६.१ | | | **उपभोक्ता समिति दर्ता** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न ३२६ वटा उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| ५६.२ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स् अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ्ग नर्म्स् अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनु पर्दछ। | |
| ५७ | | | **फरक नर्म्सका आधारमा बढी भुक्तानी** – सार्वजनिक निकायले निर्माण कार्य गराउदा नेपाल सरकार द्वारा स्वीकृत निर्माण सम्बन्धी नर्म्सका आधारमा दरविश्लेषण गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० को अनुसूची १ बमोजिमको लागत अनुमान तयार गरी नियमावलिमा भएकोको व्यवस्थाको अधिनमा रही निर्माण कार्य गराउनु पर्दछ । यसैगरी नियम ९७ बमोजिम उपभोक्ता समिती मार्फत कार्य गराउदा दर विश्लेशण पस्चात तयार भएको लागत अनुमान बमोजिम सम्झौता र भुक्तानी गर्नु पर्दछ ।पालिकावाट उपभोक्ता समितिवाट भएका देहायका निर्माण कार्यहरु फरक नर्म्स प्रयोग गरी निम्नानुसार फरक दररेटका आधारमा भुक्तानी भएकोले अन्य कार्यमा पालिकावाट यकिन गरी देहायबमोजिम बढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु | ६४३,२३१ |

| गौ भौ न | उपभोक्ता समिति | आईटम | भुक्तानी दर | हुनु पर्ने | बढी दर | परिमाण | बढी मुल्याङ्कन | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| ७३।७८।१०।१६ | गगाडि हवा अधुरो पि सि सि उ स | एम १५।४० कन्क्रिट | १०२८५ | ९४८० | ८०५ | 80.5 | 64803 | 58322 |
| | | नेचुरल लुज ग्राभेल | १८९० | १४६० | ४३० | 70.49 | 30311 | 27280 |
| ७८।७८।१०।१७ | सितलापुर अभुरो पि सि सि उ स | एम १५।४० कन्क्रिट | १०२८५ | ९४८० | ८०५ | 85.2 | 68586 | 61727 |
| | | नेचुरल लुज ग्राभेल | १८९० | १४६० | ४३० | 48.1 | 20683 | 18615 |
| 89.78.10.26 | मालपोत अगाडी ईन्टरलक उ स | एम १५।४० कन्क्रिट | १०२८५ | ९४८० | ८०५ | 11.17 | 8992 | 8093 |
| १००।७८।११।४ | हरहडिचौक देखि खुसिराम घर बाटो चन्दनपुर उ स | एम १५।४० कन्क्रिट | १०२८५ | ९४८० | ८०५ | ५३ | 42665 | 38399 |
| १०७।७८।११।१२ | आईतवार हाट देखी चैनपुर उ स | एम १५।४० कन्क्रिट | १८९० | १४६० | ४३० | ४६ | 19780 | 17802 |
| १२५।७८।११।२७ | खैरीगाउ बाटो ग्राभेल उ स | एम १५।४० कन्क्रिट | १०२८५ | ९४८० | ८०५ | ५४ | 43470 | 39123 |
| १२१।७८।११।२३ | जवावारी बाटो नि उ स | एम १५।४० कन्क्रिट | १०२८५ | ९४८० | ८०५ | ६७ | 53935 | 48542 |
| | | नेचुरल लुज ग्राभेल | १५८५ | १४६० | १२५ | ४८ | 6000 | 5400 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२३५।७८।१२।२९</td><td>तुरुनतपुर कभर्ड हल नि उ स</td><td>जगमा मेशिनले माटोखन्ने</td><td>४०७</td><td>८२</td><td>३२५</td><td>१२३</td><td>39975</td><td>35978</td></tr>
<tr><td>२१७।७८।१२।१२</td><td>चनई मस्जिद कान्तिपथ सडक उ स</td><td>नेचुरल लुज ग्राभेल</td><td>१५४६</td><td>१४६०</td><td>८६</td><td>५८</td><td>4988</td><td>4489</td></tr>
<tr><td></td><td></td><td>एम १५।४० कन्क्रिट</td><td>१०२८५</td><td>९४८०</td><td>८०५</td><td>६६</td><td>53130</td><td>47817</td></tr>
<tr><td>४०२।७९।३।२३</td><td>नाला सफाई उ स वडा ७</td><td>वाटोमामेशिनले माटो खन्ने</td><td>१०५</td><td>१०२</td><td>३</td><td>९१६६</td><td>27498</td><td>24748</td></tr>
<tr><td>३९६।७९।३।२१</td><td>माटो पटान उ स</td><td>नेचुरल लुज ग्राभेल</td><td>१८५९</td><td>१४६०</td><td>३९९</td><td>४२३</td><td>168777</td><td>151899</td></tr>
<tr><td>प्रदेश २।१२।७</td><td>सरस्वति मा वि उ स</td><td>नेचुरल लुज ग्राभेल</td><td>२७५७</td><td>१४६०</td><td>२३</td><td>१२९७</td><td>२९६६२</td><td>२६६९६</td></tr>
<tr><td>प्रदेश ५।७८।१२।२९</td><td>पुर्वरहकोल देखि लामिछाने घर वाटो उ स</td><td>एम २०।४० कन्क्रिट</td><td>११३५०</td><td>१०५६२</td><td>३२</td><td>७८८</td><td>२५२७१</td><td>२२७४३</td></tr>
<tr><td></td><td></td><td>एम १०।४० कन्क्रिट</td><td>९६४२</td><td>८५१७</td><td>५</td><td>११२५</td><td>६१६७</td><td>५५५८</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>७१४६९२</td><td>६४३२३०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>
सव कन्ट्याक्टरबाट काम गराएको :<br>
सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता बिद्युतिकरणको काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ ।पालिकावाट नगदमा आधारित श्रमदान लागु नगरेको मुल्याङ्कन रकम र निर्माण व्यवसायिले जडान कार्य समेतका लागी जारी गरेको बिजक रकम समान रहनु तथा ज्ञान सिप र प्रविधिका कारण बिद्युतिकरण जस्तो जटिल कार्य उपभोक्ता समितिले गर्न सक्ने अवस्था समेत नभएकोले उक्त कार्य उपभोक्ता समिति आफै गरेको भन्ने अवस्था रहेन । बिद्युतिकरण जस्तो जटिल कार्य उपभोक्ता समितिवाट गराउने गरी सम्झौता गर्ने पदाधिकारीलाई समेत जिम्मेवार वनाई निर्माण व्यवसायि मार्फत कार्य गराई उपभोक्ता समितिलाई भुक्तानी भएको अनियमित देखिएको रु
<table>
<tr><th>गो.भौ नं/मिति</th><th>उपभोक्ताको नाम</th><th>सम्झौता रकम</th><th>मुल्याङ्कन रकम</th><th>निर्माण व्यवसायीको नाम</th><th>निर्माण व्यवसायी भुक्तानी रकम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>९०।७८।१०।२७</td><td>उज्यालो सडक बत्ति उ स ४</td><td>५४९१८०</td><td>५४९१८०</td><td>मझारे कन्ट्क्सन</td><td>५४९१८०</td><td>५०००००</td></tr>
<tr><td>१८७।७८।११।१७</td><td>उज्यालो सडक बत्ति उ स ३</td><td>५४९१८०</td><td>५४९१८०</td><td>मझारे कन्ट्क्सन</td><td>५४९१८०</td><td>५००००</td></tr>
</table>
</td><td>२,५२५,३७१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२६४।७९।१०।६</td><td>प्रगति टोल वि सुंथा विद्युतिकरण</td><td>१०८८१९०</td><td>१०८८१९०</td><td>आईसा आरति नि सेवा</td><td>१०८८१९०</td><td>९७९३७१</td></tr>
<tr><td>३३१।</td><td>उज्यालो सडक बत्ति उ स १</td><td>२२३७४०</td><td>२२३७४०</td><td>निम्स कन्ट्रक्सन</td><td>२२३७४०</td><td>१९६०००</td></tr>
<tr><td>४१८।७९।३।२४</td><td>उज्यालो सडक बत्ति उ स ७</td><td>८८४०००</td><td>८८४०००</td><td>निम्स कन्ट्रक्सन</td><td>८८४०००</td><td>८०००००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td>२५२५३७१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>बार्षिक खरिद योजना/गुरुयोजना: सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. २८५५२००८८. पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । कार्यालयले बार्षिक खरिद योजना छ तर सोही अनुरुप कार्यान्वियनमा आएको देखिएन । त्यस्तै कार्यालयले खरिद गुरुयोजना बनाएको छैन अतः पालिकाले नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई खरिद कार्य व्यवस्थित र प्रभावकारी हुने गरी कार्यान्वियन गर्नुपर्दछ ।<br>खरिद इकाइ र खरिद योजनाः सार्वजनिक खरिद ऐन २०६३, को दफा ६ र नियमावली २०६४ को नियम (७),(८) र १६ अनुसार गठन गरी रु.१० लाख भन्दा माथि खरिद गर्न पर्ने भएमा वार्षिक खरिद योजना र रु.१० करोड भन्दा बढी खरिद गर्नु पर्ने भए खरिदको गुरु योजना (Master Procurement Plan) स्वीकृत गराउनु पर्ने र खरिदको गुरु योजना प्रत्येक आर्थिक वर्षमा अद्वावधिक गर्नु पर्ने व्यवस्था छ । कार्यालयले खरिद इकाइ गठन गरेतापनि वार्षिक खरिद योजना र खरिदको गुरुयोजना बनाउने तथा कार्यक्रम संशोधन सँगै वार्षिक रुपमा अद्यावधिक गर्ने कार्य गरेको देखिएन ।यस सम्बन्धमा गत वर्ष पनि औंल्याइएकोमा सुधार गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>जटिलसंरचना निर्माण – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। पूजी ,प्रवधि, उपकरण र प्राविधिक ज्ञानको अभावमा उपभोक्ता समितिवाट यस्तो कार्य आफै हुन सक्ने अवस्था देखिदैन । अत यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :
<table>
<tr><td>गौ भौ न</td><td>उ स</td><td>कार्य</td><td>भुक्तानी</td></tr>
<tr><td>१२१।७८।११।२३</td><td>जवावारी बाटो नि उ स</td><td>पि सि सि</td><td>७४९९७०</td></tr>
<tr><td>२३५।७८।१२।२९</td><td>तुरुनतपुर कभर्ड हल नि उ स</td><td>कर्भर्ड हल</td><td>९३१३३८</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>४३७</td><td>शिवगढी विका संस्था</td><td>रमुदाह पर्यटन भवन</td><td>१६९११००</td></tr>
<tr><td>३५।७८।२।९</td><td>सरस्वती मा वी भवन नि उ स</td><td>भवन</td><td>२४६३६०६</td></tr>
<tr><td>२७१</td><td>बोरीङ्ग जडान उ स</td><td>बोरिङ्ग</td><td>५३७४००</td></tr>
<tr><td>९६।७८।११।१४</td><td>वालापुर सामुदायिक भवन नि उ स</td><td>भवन</td><td>१५०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>नापी किताबः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयले मेजरमेन्ट बुकलाई लुज सिटको रुपमा तयार गरी रकम भुक्तानी गरिने विलमा संलग्न राख्ने गरेकोले दोश्रो तथा सो भन्दा पछाडीको रनिङ विल भुक्तानीमा नापी किताब अनुसारको खर्च, कट्टी र खुद भुक्तानी रकम भिडान गर्न सकिने अवस्था रहेन। यसबाट अघिल्लो रनिङ विलको भुक्तानी कटाउन छुट हुन गई दोहोरो भुक्तानी हुन सक्ने जोखिम रहेको छ। अतः दुई वा दुई भन्दा बढी रनिङ विल हुने निर्माण कार्यको रनिङ विलको अनिवार्य रुपमा नापी किताब (Measurement Book_) तयार गराई निर्माण कार्यको नापजाँचलाई दुरुस्त र प्रभावकारी बनाइनु पर्दछ।</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>नापी किताबः<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयले मेजरमेन्ट बुकलाई लुज सिटको रुपमा तयार गरी रकम भुक्तानी गरिने विलमा संलग्न राख्ने गरेकोले दोश्रो तथा सो भन्दा पछाडीको रनिङ विल भुक्तानीमा नापी किताब अनुसारको खर्च, कट्टी र खुद भुक्तानी रकम भिडान गर्न सकिने अवस्था रहेन। यसबाट अघिल्लो रनिङ विलको भुक्तानी कटाउन छुट हुन गई दोहोरो भुक्तानी हुन सक्ने जोखिम रहेको छ। अतः दुई वा दुई भन्दा बढी रनिङ विल हुने निर्माण कार्यको रनिङ विलको अनिवार्य रुपमा नापी किताब (Measurement Book_) तयार गराई निर्माण कार्यको नापजाँचलाई दुरुस्त र प्रभावकारी बनाइनु पर्दछ।</td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>हेभी इक्विपमेण्टको प्रयोग — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>जनश्रमदान<br><br>(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२ ।२३ को निर्णयबाट रु५२९१ ।- सम्परीक्षण गरिएको )</td><td>०</td></tr>
<tr><td>६५</td><td></td><td></td><td>निर्माण कार्यको अवधि थप:- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार सम्झौता वमोजिमको काम सम्झौताको अवधि भित्र सम्पन्न गर्न नसकिने भएमा प्रयाप्त कारण सहित ५० प्रतिशत सम्म अवधि थप गर्न सकिने र सो का लागी निर्माण व्यवसायीवाट कम्तिमा ७ दिन अगावै निवेदन दिनु पर्ने व्यवस्था छ ।पालिकावाट स्थानीय खरिद सम्बन्धी कानुन तर्जुमा नगरी कार्यपालिकाले आर्थिक वर्ष २०७७/७८ भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएका निर्माण कार्यहरु तोकिएको अवधि भित्र सम्पन्न नभएको भए २०७8 कार्तिक मसान्तसम्म अवधि थप गर्ने नीतिगत निर्णय गरेको देखियो । निर्माण व्यवसायीहरुले म्याद थपका लागि समयमा नै निवेदन नदिएको अवस्थामा समेत आवस्यक्ता विश्लेशण वेगर एकमुष्ठ म्याद थप गरी निर्माण व्यवसायीहरुलाई अतिरिक्त सुविधा दिएको पाईयो । अत: कार्यालय स्यवंले अधवि थप गर्नुपर्ने र थप गर्नु नपर्ने निर्माण व्यवसायीहरुको कार्य छानवीन गरी टुंगो लगाई अवधि थप नगरिएका निर्माण व्यवसायीबाट सोही नियमावलीको नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ती असुल गरिनु पर्ने देखिन्छ .।</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>कार्यसम्पादन जमानतः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० (४) अनुसार बोलपत्र दाताले पेश गरेको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौता उल्लेखित मालसमान आपुर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा वारेन्टीको अवधि वा निर्माण कार्यको त्रुटि सम्पादन दायित्व भएको अवधि भन्दा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । तर कार्यालयले गराएको निर्माण कार्यको अभिलेख परीक्षणमा केही निर्माण कार्यको कार्यसम्पादन जमानतको मान्य अवधि घटि रहेको देखियो । अत निर्माणकार्यको कार्यसम्पन्न गर्नुपर्ने म्याद थप गर्दा समेत सोही अनुसार कार्यसम्पादन जमानत समेत मान्य अवधि थप गरिनु पर्ने रु
<table>
<tr><th>भौ न</th><th>ठे.नं</th><th>निर्माण व्यवसायीको नाम</th><th>सम्पन्न मिति</th><th>का.स. जमानत मान्य अवधि</th><th>हुनु पर्ने</th><th>जमानी रकम</th></tr>
<tr><td>३१२।७९।२।२५</td><td>७।७८।७९</td><td>दिपालि निर्माण सेवा</td><td>२०७९।२।२५</td><td>२०७९।२।१८</td><td>२०८०।३।२५</td><td>६२००००</td></tr>
<tr><td>३२७।७९।३।६</td><td>८।७८।७९</td><td>सोनवागढ कन्ट्रक्सन</td><td>२०७९।२।२४</td><td>८०।२।२६</td><td>२०८०।३।२५</td><td>३९५०००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td>१०१५०००</td></tr>
</table></td><td>१,०१५,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ६७ | | | **कार्यालय भवनः** पालिकावाट २०७८।३।१५ मा कार्य सम्पन्न गर्ने गरी प्रमुख प्रशासकिय भवन निर्माण कार्यका लागि निर्माण व्यवसाय श्री कैलाश एण्ड कम्पनी सँग रु १०१५४८२९८ (मु अ कर समेत)को मिति २०७६।३।३० मा सम्झौता भई रु १८३०४२४३ को भई अदालतको आदेशवाट कार्य रोक्का भएको छ । पालिकाले निर्माण स्थलको तयारी गरेर मात्र ठेक्का प्रकृया शुरुवात गर्नु पर्नेमा सो नगरेको कारण सम्झौता रुग्ण रहेकोले सम्झौता अनुसार निर्माण सम्पन्न गराउनु पर्ने गत विगतको लेखापरीक्षण प्रतिवेदन समेत औल्याईएकोमा यस बर्ष समेत उक्त सम्झौतामा कुनै कार्य भएको पाईएन । साथै निर्माण कार्यको अवधि समेत थप भएको छैन ।<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(२२३) अनुसार निमार्ण कार्यका लागी बैक जमानतको आधारमा पेश्की दिन सकिने व्यवस्था रहेको छ । पालिकावाट निर्माणकार्यका निर्माण व्यवसायी लाई पेश्की भुक्तानी गर्दा संलग्न जमानतको अवधि २०७९।३।३२ मा समाप्त भए पश्चात जमानतको मान्य अवधि थप नभएको कारण निर्माण व्यवसायी सँग वाँकि रहेको पेश्की रु १४९५७९२१ जोखिममा परेको देखिन्छ ।जमानतको म्याद समाप्त भई पेश्की रकम जोखिममा पर्दा समेत अवधि थपको लागी कारवाही नगर्ने पदाधिकारीलाई जिम्मेवार वनाई जमानतको अवधी थप गर्नु वा असुल गर्नु रु<br>निर्माण कार्यको कार्य सम्पादन जमानत रु ५०७७४१५ को मान्य अवधि २०७९।५।१ मात्र रहेको र सम्झौताको अवधि समेत थप नभएकोले कानुन बमोजिम सम्झौता फरफारक गर्नु पर्दछ । | १४,९५७,९२१ |
| ६८ | | | **वितरणमुखी कार्यक्रम** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेशसरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ ।पालिकावाट स्थानीय पुजि निर्माण नहुने तथा व्यक्तिलाई फाइदा पुग्ने गरि सामग्री खरिद गरेर वितरण गरेको देखिन्छ ।फरक फरक वडामा संचालित यस्ता वितरण मुखि कार्यक्रमको लागत एकरुपता नभएकोले वास्तिक लागत यकिन हुन सक्ने अवस्था छैन । यस्तो कार्यमा नियन्त्रण गर्दे दिर्घकालिन योजना संचालन गर्नु पर्नेमा वितरण कार्यमा खर्च भएको अनियमित देखिएको रु | १,२२३,८६३ |

| गौ भौ न | सामाग्री | व्यक्ति | खर्च |
|---|---|---|---|
| १५९ | ट्यूवेल पाईप | विभिन्न ३५ | ८८९०० |
| २२६ | ट्यूवेल पाईप | विभिन्न २१ | २९४१३३ |
| ३९७ | ट्यूवेल पाईप | विभिन्न ४५ | ४४१२८० |
| ३८५ | ट्यूवेल पाईप | विभिन्न १५ | ४९९५५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td></td><td>१२२३८६३</td></tr></table></td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>सोझै खरिद – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद (दशौं सशोधन) नियमावलीको नियम ८५मा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष फर्निचर जन्य सामाग्री खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार रु. २९४८२१४ को सोझै खरिद गरेको अनियमित देखिएको रु
<table>
<tr><th>गौ भौ न र मिति</th><th>सामग्री</th><th>सप्लार्यस</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२५।७८।८।१५</td><td>टेवुल कुर्सी फर्निचर</td><td>सिद्दार्थ फर्निचर सेन्टर</td><td>४२९४००</td></tr>
<tr><td>२८।७८।८।२०</td><td>दराज सोफा</td><td>सिद्दार्थ फर्निचर सेन्टर</td><td>९८४२६</td></tr>
<tr><td>७९।२।२२</td><td>टेवुल कुर्सी फर्निचर</td><td>सिद्दार्थ फर्निचर सेन्टर</td><td>४७९६८५</td></tr>
<tr><td>२८३।७९।२।५</td><td>टेवुल कुर्सी फर्निचर</td><td>शुभकामना स्टिल फर्निचर</td><td>२९९६००</td></tr>
<tr><td>२८१।७९।१।२६</td><td>फर्निचर</td><td>सिद्दार्थ फर्निचर सेन्टर</td><td>२४९८८९</td></tr>
<tr><td>३२५।३।७</td><td>कुर्सी</td><td>शुभकामना स्टिल फर्निचर</td><td>१२४९७८</td></tr>
<tr><td>३०३।</td><td>टेवुल कुर्सी फर्निचर</td><td>सिद्दार्थ फर्निचर सेन्टर</td><td>४७९६८५</td></tr>
<tr><td>३७६।३।१९</td><td>फर्निचर</td><td>सिद्दार्थ फर्निचर सेन्टर</td><td>११५२६०</td></tr>
<tr><td>३९९</td><td>फर्निचर</td><td>शुभकामना स्टिल फर्निचर</td><td>१८७११७</td></tr>
<tr><td>४००</td><td>फर्निचर</td><td>शुभकामना स्टिल फर्निचर</td><td>११९३५४</td></tr>
<tr><td>बिययागत १२</td><td>फर्निचर</td><td>कपिलवस्तु फर्निचर</td><td>१७७९७५</td></tr>
<tr><td>२६</td><td>फर्निचर</td><td>सिद्दार्थ फर्निचर</td><td>२७६८५</td></tr>
<tr><td>४०</td><td>फर्निचर</td><td>सिद्दार्थ फर्निचर</td><td>१४९१६०</td></tr>
</table></td><td>२,९४८,२१४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td>कुल जम्मा</td><td>२९४८२१४</td></tr></table></td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>

**इन्धन खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९( १०) वमोजिम कुनै रकमको भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।साथै कार्यालयले ईन्धन खर्च भुक्तानी गर्दा सवारी साधन चलेको स्पष्ट दुरी खुलेको देखिने सवारी साधन लगबुक अभिलेख म. ले. प. फा. न. २०५ राख्नु पर्ने व्यवस्था छ ।पालिकाले निम्न गो. भौ. न. मितिबाट ईन्धन खर्च भुक्तानी गर्दा ईन्धन खर्च पुष्टि गर्ने लगबुक राखेको देखिएन । ईन्धन खर्च लेख्दा अनिवार्य रुपले सवारी साधनको लगबुक राखी यस्तो खर्चमा नियन्त्रण गरी मितव्यायिता कायम गर्नुपर्दछ ।

<table>
<tr><td>गो.भौ.नं./मिति</td><td>विवरण</td><td>भुक्तानी तिर्ने</td><td>रकम</td></tr>
<tr><td>१५-०७८/६/८</td><td>इन्धन खर्च</td><td>नारायणी अटोमोवाइल्स</td><td>६३८०५५/-</td></tr>
<tr><td>१०५-०७८/८/७</td><td>इन्धन खर्च</td><td>नारायणी अटोमोवाइल्स</td><td>२७६९०९/-</td></tr>
<tr><td>२०५-०७८/१०/०६</td><td>इन्धन खर्च</td><td>नारायणी अटोमोवाइल्स</td><td>३८२६८१/-</td></tr>
<tr><td>३२५-०७८/१२/०७</td><td>इन्धन खर्च</td><td>नारायणी अटोमोवाइल्स</td><td>३२१२५७/-</td></tr>
<tr><td>६२९-०६/०७</td><td>इन्धन खर्च</td><td>नारायणी अटोमोवाइल्स</td><td>४०३३४७/-</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२०२२२४९।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>

**भरपाई नभएको**

*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।२३ को निर्णयबाट रु८६१०० ।- सम्परीक्षण गरिएको छ )*
</td><td>०</td></tr>
<tr><td>७२</td><td>३४६</td><td>२०७९</td><td>भरपाई नभएको</td><td>२६२,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td>-१२-१४</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने तथा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाको बार्षिक स्वीकृत कार्यक्रम अनुशार वाड न ७ मा सिपमुलक तालिमा संचालन गरी सोतालिम लिएका सहभागिहरुलाई प्रतिसहभागि एकवटाको दरले २५ थान सिलाई मेसिन आर बि पोलाइट प्रा लि बाट रु १०५०० को रदले जम्मा रु २६२५०० मा खरीद गरी खर्च लेखेको देखिन्छ । तर लेखापरिक्षण अवधिसम्म पनी सम्बन्धीत लाभग्राही लाई वितरण गरेको भरपाई पेश नभएकाले वितरन भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्ने रु २६२५००।</td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>भ्याट कट्टी नगरेको<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा मूल्य अभिवृद्धि कर नियमावली २०५३ मा भएको संशोधित व्यवस्था तथा आर्थिक विधेयक २०७८ अनुसार बिभिन्न ब्यवसायी, आपूर्तिकर्तालाई ठेक्का तथा सम्झौता गरी मु. अ. कर रकम भुक्तानी गर्दा सोको ३० प्रतिशत मूल्य अभिवृद्धि कर रकम कट्टि गरी उक्त रकम कार्यालयले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न गो.भौ.नं. र मितिबाट विभिन्न व्यवसाय तथा आपूर्तिकर्तालाई मू.अ.कर रकम भुक्तानी गर्दा सो नियम विपरित पुरै रकम भुक्तानी गरेकोले ब्यवसायीहरूले कर समायोजन प्रमाणपत्र पेश गर्नुपर्ने देखिन्छ।
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>व्यवसायिको नाम</th><th>कार्य</th><th>भ्याट बिल</th><th>भ्याट रकम</th><th>३० प्रतिशत भ्याट रकम</th></tr>
<tr><td>१२३-०७८/८/२०</td><td>राजहंस इन्फोसिस एण्ड आइ टि सोलुसन (३०५४०३७७७)</td><td>मर्मत संम्भार</td><td>२९१२२७/-</td><td>३७८५९/-</td><td>११३५७/-</td></tr>
<tr><td>६८९-०७९/३/१६</td><td>सोनावाग कन्स्ट्रक्शन</td><td>नगर सरसफाइ</td><td>२२१२३६/-</td><td>२८७६०/-</td><td>८६२८/-</td></tr>
<tr><td>८०५-०७९/३/२३</td><td>राजहंस इन्फोसिस एण्ड आइ टि सोलुसन (३०५४०३७७७)</td><td>कम्प्युटर मर्मत</td><td>१७०४००/-</td><td>२२१५२/-</td><td>६६४५/-</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>२६६३०।</td></tr>
</table></td><td>२६,६३०</td></tr>
<tr><td>७४</td><td></td><td></td><td>जिम्मेवारी सारेको<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्नेरेर जिम्मेवारी एकिन गर्नुपर्दछ । यस पालिकाको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा सुत्रको म ले प फा न २७२ अनुशार सञ्चित कोषमा बाँकी रहेको रु. ३८,९८,३८,४३०।२५ जिम्मेवारी सार्नु पर्नेमा रु. ३१,१३,१४,९६६।७७ मात्र जिम्मेवारी सारेकोले लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ७,८५,२३,४६३।४८ घटी जिम्मेवारी सरेको देखिन्छ। यस सम्बन्धमा कार्यालयले विगत देखिनै फरक पर्दै आएको जनाएको छ। घटी जिम्मेवारी सारेको सम्बन्धमा आवश्यक कारबाही गरी यकिन गर्नुपर्ने देखिएको देखिन्छ रु ७,८५,२३,४६३।४८</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७५</td><td></td><td></td><td>
मू.अ. कर दर्तासंग कारोबार नगरेको<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार बिस हजार भन्दा माथिको खरिद गर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । पालिकाको वार्षिक कार्यक्रम अनुशार कृषि विकास, पशु विकास, शिक्षा, स्वास्थ्य लगायत अन्य गतिविधिहरु समेटी रेडियो कार्यक्रम नगर आवाज उत्पादन तथा प्रसारण गर्नको लागि मिति २०७८/८/१५ मा निम्न अनुशारका तिनवटा रेडीयो सग सम्झौतारी मूल्य भिवृद्धि करले तोकेको सिमा भन्दाबढी भ्याट बिल बिना रु ४५००००। भुक्तानी भएको देखिन्छ । कानुनको पालना गरी मूल्य अभिवृद्धि कर दर्ता भएको फर्म तथा ब्यवसायसग आर्थिक कारोवार गर्नेतर्फ पालिकाले ध्यानदिनु पर्दछ ।
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>कार्यक्रम</th><th>एफ एम को नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>७०४-०७९/६/१७</td><td>रेडियो कार्यक्रम नगर आवाज उत्पादन तथा प्रशासन</td><td>रेडियो शिवराज एफ एम</td><td>१५००००/-</td></tr>
<tr><td>७०४-०७९/६/१७</td><td>रेडियो कार्यक्रम नगर आवाज उत्पादन तथा प्रशासन</td><td>सामुदायिक रेडियो सामान्ता</td><td>१५००००/-</td></tr>
<tr><td>७०४-०७९/६/१७</td><td>रेडियो कार्यक्रम नगर आवाज उत्पादन तथा प्रशासन</td><td>सामुदायिक रेडियो भ्वाइज</td><td>१५००००/-</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४५००००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>
राष्ट्रिय शिक्षा नीतिको पालनाः<br><br>
राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याश्ङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन सम्वन्धि मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन्<br><br>
¬सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।<br>
¬ मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।<br>
¬ अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।<br>
प्रतिवेदन सार्वजनिक गरेको छैन तसर्थ पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रतिवेदन तयार गर्नु पर्दछ। | |
| ७७ | | | **दिवा खाजा कार्यक्रम खर्च :-**<br><br>नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार IEIMS रिपोर्टका आधारमा विद्यार्थि संख्याको आधारमा पाठ्यपुस्तक छात्रवृत्ति रकम दिवा खाजा, निरन्तर विद्यार्थि मूल्याङकन र बालविकास अनुदान रकम भुक्तानी दिनुपर्ने कानूनी व्यवस्था छ।नगरपालिकाले, दिवा खाजा बापत रु.१६२७८७४१ खर्च मध्ये ४,५७,३१५ को विद्यार्थिको हाजिरी पेस गरेको र बाँकी रु.१,५८,२१,४२६ को दिवा खाजा हाजिरी लेखापरीक्षण समक्ष पेश भएन। दिवा खाजा हाजिरी लेखापरीक्षण पश्चात पेस गरेको छ पालिकाले दिवा खाजा हाजिरी समयमै अद्यावधिक गरी राख्नुपर्दछ। | |
| ७८ | | | **धरौटी सदरस्याहाः** प्रदेश नं.५ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार कार्यालयले प्रयोजन समाप्त भएको धरौटी राजस्वमा आम्दानी बाध्नु पर्ने व्यवस्था छ।नगरपालिकालले तयार गरेको व्यक्तिगत धरौटी खाता परीक्षण गर्दा विगतको नामनामेसी नखुलेका फर्मको धरौटी रु. ६,०९,४९० जिम्मेवारी सारेको पाइयो । नियमावलीको व्यवस्था बमोजिम प्रयोजन समाप्त भएको सबै रकम यकिन गरी उक्त रकम राजस्वमा आम्दानी बाध्नुपर्ने रु. | ६०९,४९० |
| ७९ | | | **राजश्व दाखिलाः** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, 207६ को दफा 2८ ( १ ) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । साथै सोही ऐन 2८ ( २) अनुसार तोकिएको समयमा राजस्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १0 दिन भन्दा ढिलो गरेको भए 10 प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूर को मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्ने गराउन सक्ने व्यवस्था छ। लेखापरीक्षणकालागि कार्यालयले उपलब्ध गराउको राजश्व असुली र दाखिलाको विवरण अनुसार नमुना छनौटगरी परीक्षण गर्दा कार्यालय वडाहरुले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । कार्यालयले अन्य वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकं दाखिला गरेको विवरण छाविन गरी यकिन असुल गर्नुपर्ने रु. | २२४,६८३ |

| वडा न | वडासचिव / क अ | महिना | असुलीरकम | दाखिलामिति | दाखिलारकम | जरिवाना १० प्रतिशत |
|---|---|---|---|---|---|---|
| **1** | **धनिश्वरा बैजाली** | असोज | 88521 | 8.06 | 186733 | 8852 |
| | | कार्तिक | 98213 | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पुस | 80859 | 10.14 | 80859 | 8085 | |
| | | २०७९ बैसाख | 30184 | 2.12 | 30185 | 3018 | |
| | | जेठ | 1E+05 | 3.31 | 210842 | 10213 | |
| | | असार | 1E+05 | | | 0 | |
| | | | | | | | |
| 2 | **बाबुराम सापकोटा नारायण पगेनी** | भाद्र | 1E+05 | 6.18 | 110220 | 11022 | |
| | | असोज | 32393 | 7.15 | 32393 | 3239 | |
| | | मंसिर | 55980 | 9.18 | 55980 | 5598 | |
| | | पुस | 53730 | 10.12 | 53730 | 5373 | |
| ३ | विना खनाल बैशाखबाट रामफल चौधरी | २०७८।श्रावण | 1E+05 | 8.17 8.21 10.16 | 486354 | 13401 | |
| | | भाद्र | 89168 | | | 8916 | |
| | | असोज | 67589 | | | 6758 | |
| | | कार्तिक | 66829 | | | 6682 | |
| | | मंसिर | 77530 | | | 0 | |
| | | पुस | 51226 | | | 5122 | |
| | | चैत | 62108 | 12.07 79.01.05 | 62108 | 6210 | |
| | | २०७९ बैसाख | 34492 | 2.18 | 34492 | 3449 | |
| | | जेठ | 76827 | 3.13 | 76827 | 7682 | |
| 4 | सावित्री थारु | भाद्र | 73133 | 6.12 | 73133 | 7313 | |
| | | मंसिर | 72819 | 9.13 | 72819 | 7281 | |
| | | पुस | 94166 | 10.12 | 94166 | 9416 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | चैत | 66429 | 79.1.12 | 66429 | 6642 | |
| | | २०७९ बैसाख | 40533 | 2.12 | 40533 | 4053 | |
| | | जेठ | 58209 | 3.13 -2_ | 58209 | 5820 | |
| 6 | रामप्रसादचौधरी | असोज | 1E+05 | 7 . 10 | 119950 | 11995 | |
| ७ | सितारामकोहार र राम प्रसाद चौधरी | २०७८।श्रावण | 2E+05 | 78.05.16 | 187773 | 18777 | |
| | | भाद्र | 1E+05 | 7.22 | 128911 | 11478 | |
| | | असोज | 14131 | | | 14131 | |
| | | कार्तिक | 13554 | 9.05 | 44405 | 1355 | |
| | | मंसिर | 30851 | | | 0 | |
| | | पुस | 1E+05 | 10.17 | 107714 | 10771 | |
| | | चैत | 56158 | 79.01.12 | 56158 | 5615 | |
| | | २०७९ बैसाख | 4918 | 2.16 | 4918 | 491 | |
| 8 | छठ्ठीराम यादव | भाद्र | 22035 | 6.08 10.12 10.13 | 136341 | 0 | |
| | | असोज | 36168 | | | 3616 | |
| | | कार्तिक | 12942 | | | 1294 | |
| | | मंसिर | 25628 | | | 2562 | |
| | | पुस | 39568 | | | 2956 | |
| | | चैत | 10540 | 79.02.18 | 19660 | 1054 | |
| | | २०७९ बैसाख | 9119 | | | 919 | |
| ९ | प्रेम वली बाबुरामसापकोटा | २०७८।श्रावण | 77720 | 7.02 10.12 10.13 | 108461 | 7772 | |
| | | भाद्र | 30741 | | | 3074 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | कार्तिक | 24533 | 8.13 | 24533 | 2453 | |
| | | | | | मंसिर | 41317 | 10.12 | 41317 | 4131 | |
| | | | | | पुस | 17280 | 10.12 | 17280 | 1728 | |
| | | | | | माघ | 37051 | 11.15 | 37051 | 3705 | |
| | | | | | फागुन | 28689 | 12.13 | 28689 | 2868 | |
| | | | | | चैत | 31864 | 79.01.16 | 31864 | 3186 | |
| | | | | | २०७९ बैसाख | 36610 | 2.13 | 36610 | 3661 | |
| | | | १० | शिव कुमार गिरी छट्ठीरामयादव | २०७८।श्रावण | 48703 | २०७८।५।१६ | 48703 | 4870 | |
| | | | | | भाद्र | 38257 | 7.8 | 68539 | 3825 | |
| | | | | | असोज | 30282 | | | 3028 | |
| | | | | | कार्तिक | 13399 | 9.5 | 33679 | 1339 | |
| | | | | | मंसिर | 20280 | | | 0 | |
| | | | | | पुस | 17266 | 10.16 | 17266 | 1726 | |
| | | | | | माघ | 27520 | 11.09 | 27520 | 2752 | |
| | | | | | चैत | 25405 | 79.02.17 | 27990 | 2540 | |
| | | | | | २०७९ बैसाख | 2585 | | | 258 | |
| | | | | | जेठ | 19262 | 3.31 | 36112 | 1926 | |
| | | | | | असार | 16297 | | | 0 | |
| | | | ११ | रामफल चौधरी र सितारामकोहार | २०७८।श्रावण | 2E+05 | 11.11-4_ 11.16 | 551690 | 15232 | |
| | | | | | भाद्र | 1E+05 | | | 10647 | |
| | | | | | असोज | 61059 | | | 6105 | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>कार्तिक</td><td>60662</td><td></td><td></td><td>6066</td><td></td></tr>
<tr><td></td><td></td><td>मंसिर</td><td>83801</td><td></td><td></td><td>8380</td><td></td></tr>
<tr><td></td><td></td><td>पुस</td><td>41476</td><td></td><td></td><td>4147</td><td></td></tr>
<tr><td></td><td></td><td>माघ</td><td>45884</td><td></td><td></td><td>4588</td><td></td></tr>
<tr><td></td><td></td><td>चैत</td><td>33364</td><td>79.02.24</td><td>33364</td><td>3336</td><td></td></tr>
<tr><td></td><td></td><td>२०७९ बैसाख</td><td>12860</td><td>2.24</td><td>12860</td><td>1286</td><td></td></tr>
<tr><td></td><td></td><td>जेठ</td><td>29958</td><td>3.28</td><td>29958</td><td>2995</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td></td><td>३२८६१५</td><td></td></tr>
</table>
मिति २०७९-१२-२३ मा धनिश्वरा बैजाली को 21316.00 सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति २०७९-१२-२३ मा विना खनाल बैशाखबाट रामफल चौधरी को 58220.00 सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति २०७९-१२-२३ मा रामप्रसाद चौधरी को 11995.00 सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति २०७९-१२-२३ मा प्रेम वली बाबुराम सापकोटा को 12401.00 सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको
</td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td> युनिसेफ कार्यक्रमः (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।२३ को निर्णयबाट रु१२००००।- सम्परीक्षण गरिएको ।) </td><td>०</td></tr>
<tr><td>८१</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td> प्रति विद्यार्थी लागत शिक्षण सिकाई अनुदानः कार्यक्रम कार्यान्यन पुस्तिका २०७८/२०७९ को २.७.१३.३ मा को २.१मा प्रति विद्यार्थि लागत अनुदानक वारेमा व्यवस्था गरेको छ।नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले १४९/२/१२ बाट नगरपालिका भित्र संचालित विद्यालयलाई IEMIS को विद्यार्थि संख्यालाई आधारमान्दा निम्न लिखित कक्षागत रुपमा बढी निकासा सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><td>विद्यालयको नाम</td><td>कक्षा</td><td>दिनुपर्ने निकासा</td><td>दिएको निकासा</td><td>बढी</td></tr>
</table>
</td><td>१६,३००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>नेपाल आदर्श मा.वि</td><td>१</td><td>१०६५०</td><td>१२९००</td><td>२२५०</td></tr>
<tr><td></td><td>१देखि ५ सम्म</td><td>७५०००</td><td>७९५००</td><td>४५००</td></tr>
<tr><td>सस्वती आधारभुत</td><td>१देखि ५ सम्म</td><td>१०२००</td><td>१२०००</td><td>१८००</td></tr>
<tr><td>बालशिक्षा मा.वि</td><td>१देखि ५ सम्म</td><td>१०२००</td><td>१२०००</td><td>१८००</td></tr>
<tr><td>समयधान मा.वि</td><td>१</td><td>८२५०</td><td>६३००</td><td>१९५०</td></tr>
<tr><td>मदरसा दारुल अनावरुल कुरान प्रा.वि</td><td>६देखि १० सम्म</td><td>०</td><td>४४००</td><td>४०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>१६,३००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८३</td><td></td><td></td><td>वैकल्पिक विद्यालयलाई अनुदानः कार्यक्रम कार्यान्यिन पुस्तिका २०७८/२०७९ बमोजिम धार्मिक विषयको पठनपाठन हुने र पालिकाको स्वामित्वमा रहने वैकल्पिक विद्यालयलाई संचालन तथा व्यवस्थापन अनुदान दिने व्यवस्था छैन। पालिकाले गौ.भौ.न १४५/२०७९/२/१० (संघीय सरकार चाँलु) बाट १५ वटा वैकल्पिक विद्यालयलाई प्रति विद्यालय रु.१५००० का दरले रु.१,५०,०००भुक्तानि दिएकोले सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.</td><td>१५०,०००</td></tr>
<tr><td>८४</td><td></td><td></td><td>खर्चको पुष्ठ्याईः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १ मा बजेटको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले ११ स्वास्थ चौकीहरुलाई गौ.भौ.न.१०० २०७९/१/६ (विषयगत) बाट फोहोरमैला व्वस्थापनका लागी जाली सहितको ४ वटा रिंग निर्माण गरी फोहोरमैला व्यवस्थापन बापत भुक्तानी दिएकोम त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संग्लन रु.१९८००० भुक्तानी दिएको नियमित मान्न नसकिएको रु.</td><td>१९८,०००</td></tr>
<tr><td>८५</td><td></td><td></td><td>सिकाई सहजीकरण<br><br>कार्यान्वियन पुस्तिका, २०७८।७९ को क्रियाकलाप नं २.७.१३.४१ मा शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दि मिलानको प्रतिवेदन अनुसार सामुदायिक विद्यालयको आधारभुत तह (कक्षा ६-८) का लागि कुनै पनि दरवन्दि तथा राहत अनुदान नभएका (शुन्य दरवन्दि भएका) गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक ब्यवस्थापनको लागि अनुदान दिन सकिने उल्लेख छ । यस्तो अनुदान रकम वजेटको परीधि भित्र रहि शुन्य दरवन्दि भएको वा १ मात्र दरवन्दी वा राहत अनुदान भएका गणित,अंग्रेजी विद्यालयलाई न्युनतम १</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>शिक्षक बराबरको अनुदान शिक्षक भर्ना भएपछि १२ महिनाको मासिक रु.२८२००.०० का दरले अनुदान निकासा दिने उल्लेख छ । पालिकाले देहायका विद्यालयहरुमा शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दि मिलानको प्रतिवेदन विना नै विद्यालयहरलाई निकासा दिइएको छ। त्यस सम्बन्धमा सुधार हुनुपर्दछ।
<table>
<tr><th>सि. नं</th><th>विद्यालय</th><th>शिक्षक दरवन्दि</th><th></th><th>अनुदान रकम</th></tr>
<tr><td>१</td><td>आधारभुत विद्यालय</td><td>०</td><td></td><td>३३८४००</td></tr>
<tr><td>२</td><td>ने.रा आधारभुत विद्यालय</td><td>०</td><td></td><td>३३८४००</td></tr>
<tr><td>३</td><td>सरस्वती मा.वि</td><td>०</td><td></td><td>३३८४००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१०,१५,२००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>राहत शिक्षकः कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ को क्रियाकलाप नं २.७.१३.४० मा शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दि मिलानको प्रतिवेदन अनुसार सामुदायिक विद्यालयको माध्यमिक तह (कक्षा ९-१०) का लागि कुनै पनि दरवन्दि तथा राहत अनुदान नभएका (शुन्य दरबन्दी भएका) गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनको लागि अनुदान दिन सकिने उल्लेख छ । यस्तो अनुदान रकम वजेटको परीधि भित्र रहि शुन्य दरवन्दि भएको विद्यालयलाई न्युनतम २ शिक्षक र १ दरवन्दी भएको विद्यालयलाई १ शिक्षक थप गरी न्युनतम २ शिक्षक बराबरको अनुदान शिक्षक भर्ना भएपछि १२ महिनाको मासिक रु.३५९९०.०० का दरले अनुदान निकासा दिने उल्लेख छ नगरपालिकाले देहायबमोजिमको दरबन्दी भएको विद्यालयहरुलाई अनुदान दिएको पाइयो। दरवन्दि मिलानको प्रतिवेदन अनुसार मात्र निकासा दिनुपर्नेमा पालिकाले दरबन्दी मिलान नगरी अनुदान दिएको छ। कार्यविधि बमोजिम दरबन्दी मिलानको गरी प्रतिवेदनको आधारमा अनुदान दिनुपर्दछ।
<table>
<tr><th>सि.न.</th><th>विद्यालय</th><th>शिक्षक दरवन्दि</th><th>अनुदान</th><th>निकासा रकम</th></tr>
<tr><td>१</td><td>बालशिक्षा मा.वि</td><td>०</td><td>२</td><td>८६३७६०</td></tr>
<tr><td>२</td><td>सरस्वती मा.वि</td><td>०</td><td>२</td><td>८६३७६०</td></tr>
<tr><td>३</td><td>बालज्योती मा.वि</td><td>०</td><td>२</td><td>८६३७६०</td></tr>
<tr><td>४</td><td>दुर्गा भवानी मा.वि</td><td>१</td><td>२</td><td>४३१८८०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३०२३१६०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८७ | | | **तलवी भरपाईः** शिक्षा नियमावली, 2059 (संशोधन सहित) को नियम 126 (ङ) मा शिक्षकहरुको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने कार्य विद्यालय शिक्षक किताबखानाबाट हुने व्यवस्था छ । यसरी पारित तलवी प्रतिवेदन अनुसार सामुदायिक विद्यालयहरुले आफ्नो विद्यालयमा कार्यारत शिक्षकहरुको तलवी माग फारम पेश गर्दा अगाडिको चौमासिकको तलवी भरपाई, संचयकोष कट्टा दाखिला एवं सामाजीक सुरक्षा र पारीश्रमिक कर कट्टा दाखिलाको प्रमाण सहित पेश गर्नुपर्ने व्यवस्था छ । तर पालिका अन्तर्गतका केहि विद्यालयहरुले पूर्ण रुपमा सोको कार्यान्वयन गरेको पाईएन जसले गर्दा तलवी माग फारम र खर्च यथार्थपरक छ भन्न सकिएन । अतः तत्सम्वन्धमा सुधार हुनपर्ने देखिन्छ । | |
| ८८ | | | **पाठयपुस्तकः** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ को ३.१ मा विद्यालयको यकिन विद्यार्थी संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तक को रकम अनुदान दिने ऊल्लेख छ । यस्तो अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५% मात्रै अनुदान दिने र २०७९ बैशाखको विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरीदको स्थिती र वितरण गरेको विवरणको आधारमा मात्रै नपुग भएको रकम पुनः विद्यालय खातामा निकासा दिनुपर्ने व्यवस्था छ । पालीकाले कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार प्रथम किस्ता रु.७५,३३,४१८ र दोस्रो किस्ता रु.२७,४३,७५२ गरी कुल रु.१,०२,७७,१७० निकासा दिएको पाईयो । तर यसरी विद्यालयहरुलाई रकम निकासा दिंदा विद्यालयहरुले पाठयपुस्तको बिल मात्र राखेको , प्रथम पटकको रकम अपुग भनी माग गर्दा पहिले के कति खरिद गरेको, वितरण कति गरेको भरपाई माग नगरी पुन निकासा दिएको पाइयो र विद्यार्थीलाई वितरण गरेको प्रमाण राखेको पाइएन।त्यस सम्बन्धमा सुधार हनुपर्दछ। | |
| ८९ | | | **सम्पादन हुन नसकेका नीति तथा कार्यक्रमः** पालिकाको नीति तथा कार्यक्रम नगर सभा समक्ष प्रस्तुत भई पारित भएका विषयहरू मध्ये कतिपय विषयहरू यस वर्ष कार्यान्वयनमा आएको देखिएन। उक्त विषयहरू मध्ये मुख्य मुख्य विषयहरू देहाय अनुसार छन<br><br>योजना आधारित सामाजिक सुरक्षाकोष<br>सि.सि.क्यामरा श्रोत केन्द्र सभाहल चन्द्रौटा<br>IEE/DPR<br>शिवपुर चोकदेखी दक्षिण उमरी गाउँ जाने सडक पिच<br>कृषि औजार उपकरण बितरण ५० प्रतिशत अनुदान<br>साना सिचाई कार्यक्रम (स्यालो टयुबेल जडान)<br>कोटवा मन्दिर छत ढलान/पकडी मन्दिर छत ढलान स्विस्थ्यचौकी जाने सडकमा माटो पटान डिहवा छैवर पासीको घरदेखी यार महमदको घरसम्म बाटो ग्राभेल तमेश्वरको घर अगाडी RCC र कोटवा दक्षिण माटो पटान<br>आधारभूत अस्पतालमा प्रतिक्षालय तथा स्मार्ट क्लिनिक निर्माण<br>आधारभूत अस्पतालमा DR प्यानर र 100 MAX-ray मेसिन खरिद<br>सुगानगर जाने बाटोको कल्भर्टमा पंखी निर्माण,<br>बगैचाको नजिक कल्भर्ट तथा बाटो स्तरोन्नती | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विरपुर समयथानमा गएको बाटोमा माटो पटान तथा ग्राभेल<br>जनविकास स्वावलम्वन सहकारी संस्था भौतिक निर्माण<br>पश्चिम सेमरी भगवती माता मन्दिर निर्माण र अधुरी डउहार बाबा थानको छत ढलान<br>अवलोकन भ्रमण कर्मचारी तालिम<br>श्रीनडीहवा गाउँभित्र अधुरो सडक RCC तथा PCC भुक्तानी दिन बाँकी<br>सेवा तथा परामर्शदाता शिवराज ६ वण्डापैकी गाउँभित्रको बाटो ग्राभेल शिवराज ६<br>ह्युमपाइप खरिद राजपुर १०<br>लालपुर खानेपानी सरसफाई पाइप विस्तार | |
| ९० | | | **दरवन्दि भन्दा बढि कर्मचारीः**<br><br>स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८(ख) मा कसैले पनि कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै व्यक्तिलाई करारमा वा ज्यालादारीमा नियुक्त गर्न नपाईने व्यवस्था छ ।त्यस्तै कर्मचारी समायोजन ऐन, २०७५ को दफा ९(१) मा कर्मचारी समायोजन गर्दा समेत प्रदेश वा स्थानिय तहको सेवामा स्विकृत भएको दरवन्दी पूर्ति हुन नसकी रिक्त रहेको अवस्थामा मात्र पुल दरवन्दि कायम भएका सम्वन्धित सेवा समूहका कर्मचारी मध्येबाट निज वहाल रहेको पदसँग मिल्दोजुल्दो तहको कर्मचारीलाई काजमा खटाउन सकिने व्यवस्था छ पालिकाको स्वास्थ तर्फको स्वीकृत दरबन्दी ५६ जना रहेकोमा सबै पदपूर्ति भएको अवस्थामा पुन करारमा करारमा ६१ जना करारमा राखि बार्षिक तलबमा रु.१७९००००० खर्च गरेकोले स्वास्थ सेवा ऐन विपरित तथा पालिकालाई बढि व्यभार पारेकोले करारमा राख्ने व्यक्तिलाई जिम्मेवार पारिनुपर्दछ साथै यस्तो खर्च नियम नियमसंमत नदेखिएको रु. | १७,९००,००० |
| ९१ | | | **ननफाइलरः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट देहायका फर्मलाई मू.अ.कर समेत भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइएकोले मू.अ.कर दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने रु. | २९०,९६० |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|
| | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>171/२०७9/3/20<br>विषयगत</td><td>लुम्बिनी ग्यालेक्सी मल्टि सप्लायर्स</td><td>६०९७३१९२१</td><td>४९४९९०</td><td>५७५२२</td><td>२०७८/१० देखि</td></tr>
<tr><td>१7/२०७९/१/९ प्रदेस चालु</td><td>इन्सा निर्माण सेवा</td><td>६०६८८१३२२</td><td>१३६९१७५</td><td>१७५९११</td><td>२०७८/११ देखि</td></tr>
<tr><td>९३/२०७८/१२/२९</td><td>ब्राईट स्टेप एकेडेमी</td><td>६१०१७४५२८</td><td>४४२४७८</td><td>५७५२७</td><td>२०७८/२ देखि</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>२९०९६०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९२</td><td></td><td></td><td>आधारभुत स्वास्थ केन्द्रः</td><td></td></tr>
<tr><td>९२.१</td><td></td><td></td><td>ठेक्का न.५८/२०७८/७८ को लागग अनुमान ७२०९४४९.१० मा तयार भई ठेक्का व्यवस्थापन गर्दा ५०७३३९७ .२६ मा कबोल अंक गरी राधानिर्माण सेवा सँग सम्झौता भई ४१८१५५० भुक्तानी भएकोमा देखिएका व्यहोरा निम्न अनुसार छन।<br>कार्य सम्पन्न प्रतिवेदन: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ को उपनियम २ अनुसार निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्नेमा त्रुटी सच्याउनेअवधि समाप्त नहुँदै अन्तिम बील भुक्तानी कै समयमा तयार गरेकोले निर्माण व्यवसायीलाई अनुचित लाभ पुग्न सक्ने देखिन्छ । अत: त्रुटि सच्याउने अवधि समाप्त पश्चात मात्र कार्यसम्पन्न प्रतिवेदन बनाइनु पर्दछ ।</td><td></td></tr>
<tr><td>९२.२</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा देहायका कार्यहरु गर्नु पर्ने व्यवस्था रहेकोमा उल्लिखित कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।<br>क) खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नु पर्ने ·<br>ख) सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका तयार गर्ने ·<br>ग) सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने<br>· घ) निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य ·<br>ङ) बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन गर्ने ·<br>च) सम्झौता कार्यान्वयनको आवधिक प्रतिदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने कवोल अङ्कको तुलनामा १७ प्रतिशत कम भए पनि भेरिएसन गरेको छैन</td><td></td></tr>
<tr><td>९२.३</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० (४) अनुसार बोलपत्र दाताले पेश गरेको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौता उल्लेखित मालसमान आपुर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा वारेन्टीको अवधि वा निर्माण कार्यको त्रुटि सम्पादन</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>दायित्व भएको अवधि भन्दा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ निर्माण कार्यको सम्पन्न मिति २०७९/२/१६ रहेकोमा प निर्माण कार्यको कार्यसम्पादन जमानत ७८०००००रु.को मान्य अवधि २०८०/३/१६ सम्म हुनुपर्नेमा मिति २०७९/११/१९ सम्म म्याद रहेकोले ५ महिना अवधि घटि रहेको देखियो।</td><td></td></tr>
<tr><td>९३</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता<br>पालिकाले सामाजिक सुरक्षा भत्ता बैकिङ प्रणाली मार्फत बितरण गर्ने गरेको छ । आ ब २०७८।०७९ मा सामाजिक सुरक्षा बितरणको अबस्था निम्न अनुशार रहेको छ ।<table><tr><td>निकासा</td><td>खर्च</td><td>बाकी फिर्ता</td></tr><tr><td>२४६५६६२७९</td><td>२३८१२०६९१</td><td>८४४५५८८</td></tr></table></td><td></td></tr>
<tr><td>९४</td><td></td><td></td><td>कर्मचारी कल्याण कोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबरले हुन आउने रकम थप गरी कर्मचारी कल्याणकोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कर्मचारीको तलव भुक्तानी गर्दा १०% कट्टी गरी कोषमा दाखिला गरेको छैन् । यस वर्ष नगरपालिकाले आन्तरिक श्रोतबाट कर्मचारी कल्याण कोषमा रु १५,००,००० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । कानूनको व्यवस्था नगरी सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको नियमसम्मत नदेखिएको रु.</td><td>१,५००,०००</td></tr>
<tr><td>९५</td><td></td><td></td><td>आय ठेक्का– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।पालिकाले आ व २०७८।७९ मा प्राकृतिक स्रोत ढुङ्गा गिट्टि बालुवाको ३३८९०६ घ मि परिमाणका लागी १२ आय ठेक्का सुचना प्रकाशित गरेको मा १२ मध्ये २८४३४४ घ मि परिमाणका ८ ठेक्का नलागेको भनि आय ठेक्का सम्बन्धि सम्झौता लेखापरीक्षणमा पेश गरेको छैन । पालिकावाट सम्झौतामा उखन्न परीमाण यकिन गर्न घाटगद्दिको व्यवस्था लागु नगरेको , नियमिति प्राविधक मुल्याङ्कन नगरेको तथा तोकिएको समय पश्चात उखन्न परिमाण यकिन गर्न रेखाङ्कन कार्य नभएकोले सम्झौता बमोजिमको परिमाण मात्र उत्खन्न भएको छ भन्ने आधार देखिएन ।पालिकाले नियन्त्रण प्रणालि कायम गरी ठेक्का प्रकृया मार्फत आय असुली गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>९६</td><td></td><td></td><td>निर्णय कार्यान्वयन नभएको आय ठे न १७।७८।७९ मैनारीखोला नदिजन्य पर्दाथ उत्खन्नका लागी खनाल कन्ट्रक्सन र पालिका बिच भएको सम्झौता अनुसार ५० प्रतिशत रकम रु ३२४०००० मिति २०७९ जेठ मसान्त भित्र बुझाउने सम्झौता कार्यान्वयन नभएको र सम्झौता विपरित उत्खन्न गरिएको बारे सोधिएको स्पटिकरण चित बुझ्दो नदेखिएको भनि जमानत जफत गरी कालो सुचिमा राख्ने प्रकृया अगाडी बढाउने मिति २७९।२।२६ नगर प्रमुख स्तरिय नियर्ण भएकोमा उक्त सप्लार्यसलाई कालो सुचिमा राख्ने प्रकृया अघि बढाएको पाईएन</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ।पालिकावाट निर्णयहरु कार्यान्वियन हुनु पर्दछ । | |
| ९७ | | | **घटी परिमाणको सुचना** शिवराज नगरपालिकाको मिति २०७७।६।१२मा स्विकृत नदिजन्य पदार्थ उत्खन्नका प्रारम्भिक वातावरणिय प्रतिवेदन अनुसार जोकोही नाका वाट पहिलो बर्ष ६३०० घ मि र दोस्रो बर्षका लागी ४२०० घ मि परिमाण निकाल्न सक्ने अनुमान रहेकोमा आर्थिक बर्ष २०७७।७८मा सो खोला बोलकबोल नभएकोले ठेक्का नलागेको अवस्थामा आर्थिक बर्ष २०७८।७९ मा सबै परिमाण १०५०० घ मि को सुचना प्रकाशन नगरी ४५०० घ मि मात्रको सम्झौता गरी आय असुल गरेको छ । पालिकावाट भएका आय ठेक्काहरुमा घाटगद्दीको व्यवस्था नगरेको ,उक्त सम्झौतामा १०५०० मध्ये ४५०० घमिटर मात्र निकाल्ने क्षेत्र रेखाङ्कान नगरेको , पालिकावाट नदिजन्य पदार्थ उत्खन्न परीमाण प्राविधिक रुपमा यकिन नगरेको तथा चोरि निकासी हुने अवस्था बिधमान हुदा हुदै प्रारम्भिक वातावरणिय अध्ययन प्रतिवेदनको परिमाण भन्दा घटी सुचना निकाली सोही आधारमा सम्झौता भएकोले लुम्बिनी प्रदेशको दर प्रति घ फिट रु १२ क दरले ६००० घ मिटरको घटिमा रु २५४०१६० आय गुमेको अवस्था छ ।अत स्विकृत वातवरणिय प्रतिवेदन अनुसारको परिमाणमा सम्झौता परिमाण घटाई बाँकी ६००० घ मि नदिजन्य पदार्थ उत्खन्न नभएको प्राविधिक प्रमाण सहित पालिका वाटै एकिन गर्नु पर्ने देखिएको छ । | |
| ९८ | | | **आय ठेक्का सम्झौता** नेपाल सरकार नदिजन्य पदार्थ ढुङ्गा गिट्टि वालुवा उत्खन्न विक्री तथा व्यवस्थापन मापदण्ड २०७७ दफा ४ को उपदफा ५ सँग सम्बन्धित अनुसूची ख मा नदिजन्य पदार्थ ठेक्का सम्झौता फारमको व्यवस्था गरेको छ । पालिकावाट नदिजन्य पदार्थ उत्खन्न गर्ने सम्झौताहरुमा अनुसूची २ ख को बुदा १२ मा रहेको **सम्झौता अनुसारको किस्ता रकम नबुझाएमा ……. प्रतिशतले** व्याज समेत लाग्ने उल्लेख भएकोमा पालिकाले व्याज प्रतिशित उल्लेख नगरी सम्झौता गरेको पाईयो । जसवाट आय ठेक्का कवोल गर्ने व्यक्ति पार्टीहरुले सम्झौता बमोजिमको अन्तिम किस्ता रकम ढिलो बुझाउने गरेको पाईयो । ठेक्का कबोल भएका ३ सम्झौता पहिलो किस्ता ५० प्रतिशत र १०० प्रतिशत कर भुक्तान गरी बाँकी ५० प्रतिशतको बैंक जमानत पेश गरेको आधारमा सम्झौता गरी सम्झौताको शर्त न २ अनुसार बाँकी रकम चैत मसान्त सम्म भुक्तानी गर्नु पर्ने र शर्त न २७ अनुसार अन्यकुरा प्रचलित कानुन बमोजिम हुने शर्त रहेकोमा सम्झौता गर्दा व्याज जरीवाना प्रतिशत उल्लेख नगर्ने तथा ढिलो रोयल्टी बुझाएको अवस्थामा समेत **सम्झौतामा उल्लेख नभएको** कारण जनाई व्याज जरीवाना असुल नगरेको देखिएकोले उत्खन्न गर्ने व्यक्ति पार्टीलाई अनुकुल हुने गरी सम्झौता गर्ने कार्यमा सुधार गरी ढीलो रोयल्टी दाखिला गर्ने पक्षवाट पालिकाले यकिन गरी व्याज जरिवाना असुल गर्नु पर्दछ । | |
| ९९ | | | **रितपूर्बकको कर बिजक** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले सरस्वति मा वि निर्माण उपभोक्ता समितिले पेश गरेको बिल भरपाई अनुसार श्री लक्ष्मि ईन्जिनरिङ्ग पान न १०६९४३११५ले मिति २०७८।३।५मा जारी गरेको बिजक न केरमेट गरी मु अ कर रु २४७५२ भुक्तानी लिएकोले उक्त मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु | २४,७५२ |
| १०० | | | **राजश्व अभिलेख** : कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुयाउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>१०१</td><td></td><td></td><td>जस्तापाता खरिद<br><br>(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ । २३ को निर्णयबाट रु १२६८२८०६ ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>१०२</td><td></td><td></td><td>मु अ कर समायोजन बेगर धरौटी फिर्ता – कार्यालयले निर्माण व्यवसायी तथा फर्महरुको धरौटी फिर्ता गर्दा आन्तरीक राजश्व कार्यालयमा कर समायोजन गरेको प्रमाणको आधारमा फिर्ता गर्नुपर्दछ । कार्यालयले निम्न व्यवसायीको धरौटी फिर्ता गर्दा कर समायोजनको पत्र विना रु.११७९३४५ फिर्ता गरेको छ । यसरी फिर्ता गरेकोमा कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गौ भौ न</th><th>सप्लार्यस</th><th>फिर्ता धरौटी</th><th>समायोजन पेश भएको धरौटी</th><th>समायोजन बेगर फिर्ता भएको</th></tr>
<tr><td>५३।७९।१२।१२</td><td>मिनु कन्ट्रक्सन</td><td>५१३५३९</td><td>३५२००</td><td>४७८३३९</td></tr>
<tr><td>५२।७९।१।१५</td><td>दिपाली निर्माण सेवा</td><td>६७६४३९</td><td></td><td>९२१८३</td></tr>
<tr><td>४८।७८।११।१२</td><td>शिव शक्ति कन्ट्रक्सन</td><td>१९२१५२</td><td>१५२४३१</td><td>३९७२१</td></tr>
<tr><td>१७।७८।७।२६</td><td>श्याम एण्ड सन्स निर्माण</td><td>११५८३१</td><td>८४६५७</td><td>३११७३</td></tr>
<tr><td>१३।७८।६।१२</td><td>थ्रि स्टार कन्ट्रक्सन</td><td>५३७९२९</td><td>०</td><td>५३७९२९</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>११७९३४५</td></tr>
</table></td><td>१,१७९,३४५</td></tr>
<tr><td>१०३</td><td></td><td></td><td>संजिवनी अस्पताल निकाशा<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम खर्च गर्दा बिल भरपाई सहितको श्रेस्ता राख्नु पर्ने व्यवस्था छ ऐन को उपदफा (३) मा कुनै कार्यको भक्तानी गर्नु पर्दा विनियोजित बजेटको सीमा भित्र रही रीतपूर्वकको कागजात प्राप्त भएको मितिले १५ दिन भित्र भुक्तानी आदेश दिने अधिकारिले भक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकावाट सामाग्री खरिदकालागी संजिवनी अस्पताललाई रु १० लाख निकासा दिएकोमा उक्त रकम अस्पतालको वित्तिय विवरणमा समावेश भए नभएको, अस्पतालले प्रचलित खरिद कानुन पालना गरी खरिद गरे नगरेको, खरिद भएका सामाग्री अस्पतालको जिन्सी दाखिला भएको नभएको यकिन नभएकोले सार्वजनिक</td><td>१,०००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खरिद कानुन बमोजिमको लागात अनुमान अनुमान, प्राविधिक स्पेशिफिकेशन , खरिद कानुन बमोजिम खरिद प्रकृया अवलम्वन गरेको प्रमाण , मेशनरी उपकरणको ग्यारेन्टी वारेन्टी प्रमाण , संचालन मर्मत दायित्व र अवस्था खुल्ने प्रमाण तथा जिन्सी दाखिला लगायतआवस्यक विल भरपाई र प्रमाण पेश हुनु पर्ने रु | |
| १०४ | | | **लाभग्राही छनौट** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम खर्च गर्दा बिल भरपाई सहितको श्रेस्ता राख्नु पर्ने व्यवस्था छ ऐन को उपदफा (३) मा कुनै कार्यको भक्तानी गर्नु पर्दा विनियोजित बजेटको सीमा भित्र रही रीतपूर्वकको कागजात प्राप्त भएको मितिले १५ दिन भित्र भुक्तानी आदेश दिने अधिकारिले भक्तानी दिनुपर्ने व्यवस्था छ ।पालिकाले सुमित ईन्टरनेशनलवाट रु ६६४००० मुल्यका थान रोटावेटर खरिद खरिद गरी वडा न ७ का ४ कृषकलाई ७५ प्रतिशतमा उपलब्ध गराएको भनी रु ४९८००० खर्चलेखेको छ । तर पालिकावाट उक्त सामाग्री खरिदका लागी लागत अनुमान तयार नगरेको तथा लाभग्राही कृषक छनौट आधार बेगर वितरण गरी खर्च गरेको पाईएकोले खरिद कार्यको लागत अनुमान र लाभग्राही छनौटको आधार पेश हुनु पर्ने रु | ४९८,००० |
| १०५ | | | **अन्य प्रयोजन खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार स्थानिय तहको बजेट तर्जुमा गर्दा स्थानीय तहको कार्यक्षेत्र भित्र पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ ।तर पालिकाले स्थानिय तहको कार्यक्षेत्र भन्दा बाहिरका आफ्नै छुट्टै बजेट तथा कार्यक्रम हुने संघिय सरकारका निकाय तथा नाफा मुलक संस्थाका भौतिक संरचना निर्माणमा बजेट बिनियोजन गरी खर्च लेखेको पाईयो । स्थानिय सरकारको स्रोत अन्य तहका निकायहरुका लागी खर्च गरिने तथा नाफामुलक संस्थाका लागि खर्च गर्ने कार्यले स्थानिय योजना र विकासका लागी स्रोत अभाव हुने देखिन्छ । अत यस्तो कार्यमा नियन्त्रण गर्दै स्थानिय विकासमा प्राथिमकता आधारमा बजेट बिनियोजन नगरी सो बिपरित बिनियोजन तथा खर्च गरेको तथा संघिय सरकारको तहवाट उक्त कार्यका लागी बजेट खर्च नभएको प्रमाण बेगर खर्च लेखेको पाईएकोले आवस्यक प्रमाण पेश गर्नु पर्ने रु | |

| गौ भौ न | कार्य | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| २९।७८।८।२० | भवन निर्माण | कपिलवस्तु व्यपार संघ भवन उ स | ५००००० |
| ८४।७८।१०।२४ | भान्सा घर | ईलाका प्रहरी कार्यालय सुन्दरी डाडा उ स | २९३९४५ |
| १४०।७८।१२।१० | वाल निर्माण | ईलाका प्रहरी कार्यालय चन्द्रौटा उ स | ९६२८१५ |
| १५५।७८।१२।२१ | भवन | ईलाका प्रहरी कार्यालय उ स | ६५५२२५ |
| ३४४।७९।३।१२ | भवन | देविपुर प्रहरी चौकि भवन नि उ स | १९८४७७ |
| ३९४।७९।३।२२ | प्रतिक्षालय | ईलाका प्रहरी कार्यालय चन्द्रौटा उ स | १८४६२३ |
| ४१०।७९।३।२३ | दुर्गा मन्दिर | पिपरी प्रहरी चौकि उ स | १००००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td></td><td>२८९५०८५</td></tr></table></td><td></td></tr>
<tr><td>१०६</td><td></td><td></td><td>
अनुगमन तथा सम्परीक्षण<br><br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा पालिकाले ऐनको उपरोक्त प्रावधान बमोजिम संपरीक्षणको लागि नेपाल लेखापरीक्षण व्यवस्थापन सूचना प्रणालीमा अनुरोध गरेको जनाएको छ। पालिकावाट गत विगतको वेरुजु रु २६३०३०१ सम्परीक्षणको अनुरोध गरेकोमा निम्न अनुसार फछ्र्यौट भई रु २५०२४०१ समपरिक्षण हुन सकेको छैन । गत विगत वर्षको बेरुजु फछ्र्यौट गरी सम्परीक्षण गराउनुपर्दछ।
<table>
<tr><td>आ.ब</td><td>दफा</td><td>बेरुजुको व्यहोरा</td><td>रकम</td></tr>
<tr><td>२०७४।७५</td><td>४७.२</td><td>पारिश्रमिक आयकर दाखिला गरेको प्रमाणको आधारमा फस्यौट</td><td>५८४७</td></tr>
<tr><td></td><td>२१</td><td>विभू निर्माण सेवाको ५० प्रतिशत मू.अ. कर समायोजन पत्र पेस गरेको आधारमा फस्यौट</td><td>९०१०२</td></tr>
<tr><td></td><td>३४</td><td>बैठक भत्ता बापतको रकम असुली गरी बैक दाखिला गरेको प्रमाणको आधारमा फस्यौट</td><td>३२०००</td></tr>
<tr><td></td><td></td><td>अन्य दफाको सम्बन्धमा आन्तरिक नियन्त्रण समिति गठन भई लेखा समितिमा दफावार छलफलका आधारमा त्यस्ता विषय र खर्च नदोहरिने सुनिश्चिता नभएको अवस्थामा समेत सभाको निर्णयका आधारमा नियमिति भई आएकोले फछ्र्यौट नभएको रु</td><td>२५०२४०१</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२६३०३०१</td></tr>
</table>
</td><td></td></tr>
</table>